# जंगबहादुरको विदेशनीति र सं. १९०४ को पेचिन जाने प्रतिनिधि–मण्डल

ज्ञानमणि नेपाल[१]

आमुख- दुइ ढुङ्गाको तरुल जस्तो भएर रहेको यो देशले सधैं दुइ ठूला महादेशको ढेपाइ चेपाइ-बाट बचेर विचार पुन्याई आफ्ना पाइला चाल्नुपरेको थियो । दुबैतिर सन्तुलन कायम गरी विदेशनीति चलाउनुपरेको थियो भने अर्कोतिर आफ्नो विजय-अभियान पनि चालू राख्नु थियो । यसै अनुरूप पृथ्वीनारायणका पालादेखि दुबै तर्फबाट बची पूर्वपश्चिम बढ्ने नेपालले नीति लिएको थियो र यसैमा उसले आशातीत सफलता पनि हासिल गर्दै लगेको थियो । चीनवादशाहसित घा राख्नू भन्ने नीति पृथ्वीनारायण शाहको भए पनि उनका पालामा र उनका सेसपछि १५ वर्षसम्म पनि पेचिनसंग नेपाल-को प्रत्यक्ष सम्बन्ध कायम हुन सकेको थिएन । विभिन्न आर्थिक राजनीतिक कारणले गर्दा सं १८४५ मा नेपालको भोटसंग लडाईं छेडियो । यसमा भोटले पेचिनसंग गुहार माग्यो । भोटको गुहार गर्न पेचिनबाट चीनी सेना खटिएर आयो । भोटको मद्दत-गार बन्न आएको चीनी पक्षले युद्ध हुनामा भोटकै अर्थैलो पल्याएर लडाईं गर्नेपछि नलागी सुलहसन्धितर्फ लागेकोले चीनी सेनापतिको मध्यस्थतामा नेपालतिब्बत-सन्धि भयो । यहाँसम्मकि भोटको अर्थैलो हुँदाहुँदै पनि ऐनमौकामा अघि सरी न्यायअन्याय छुट्याएर सम्झौता गराउने प्रयत्न नगरेर भोटको पक्षलिएबापत तात्कालिक अम्बेन-लाई पेचिनबाट नसीहत पनि दिइयो । यसपछि नेपालको पेचिनसंग प्रत्यक्ष सम्बन्ध भयो । वादशाहसंग कृतज्ञताज्ञापन गर्न सरसौगात साथ हरि शाहीको नेतृत्वमा पेचिन-मा प्रतिनिधिमण्डल गयो । यसरी बहादुर शाहले नेपालको वैदेशिकसम्बन्धको पुरानो सूत्रलाई गाँसेर पेचिनसंग नयाँ सम्बन्धको सूत्रपात गरे । यता भोटसंग भएको सन्धि-अनुसार भोटले नेपाललाई प्रतिवर्ष पचास हजार रु. तिर्नुपर्ने थियो । १ वर्षवाद सो रूपैयाँ उसले तिरेन ।

एक त चीनी सेनापतिकै मध्यस्थतामा भएको सन्धिलाई भोटले पालना गरेन, दोश्रो स्यामर्पा लामाको टसी ल्हुन्पो मठको श्री-सम्पत्ति हरियो र उनी नेपालमा शरणमा बसेका थिए । तेश्रो नेपालको कुती केरुङमा आधी अधिकार सनातनदेखि चलिआएकै थियो । चौथो नेपालले पनि प्रत्यक्ष वादशाहसंग सम्बन्ध गासिसकेको थियो । इत्यादि सब कारणबाट सुरिएर कुर्ती केरुङ दिगचर्मा आफ्नो अधिकार जमाउन नेपालले चाहेको र यो निहुँमा

---

१. श्री ज्ञानमणि नेपाल, नेपाल तथा एशियाली अनुसन्धान केन्द्रका उप-प्राध्यापक हुनु-हुन्छ ।

उसले यी प्रदेशमा आफ्नो अधिकार जमायो पनि टशील्हुन्पो मठको धेरै श्रीसम्पत्ति नेपालीका हात लाग्यो । ४५ सालमा जस्तै यस पालि पनि चीनले नेपालको पक्ष लेला, किनकि आफैले गरिदिएको सन्धिको उल्लघंन भोटले गरेको छ, फेरि स्यामर्पा अन्यायमा निकालिएका र उनको मठको श्रीसम्पत्ति लिनुमा पनि नेपालको औचित्य छ भन्ने कुरा त्यस वेलाका नीति-निर्धारिक नायब बहादुर शाह दामोदर पाँडेहरूले सोचेका थिए । तर यस पालि स्थिति उल्टा पर्न गयो । उनले सोचेसमझेका भन्दा विपरीत भोटको सहायताका लागि आएको चीनी सेनाका अधिपति टुङ्थ्याङ्ले नेपाली पक्षको कुरा नसुनी भोटको पक्षमा लड्न मैदानमा उत्रे । चीन नेपाल युद्ध भयो । परिणाम धैबुङ्सम्म लड्दै आएपछि टुङ्थ्याङले संझौतावार्ता सुरु गरे । युद्ध बन्द भयो । संझौता-अनुसार ५।५ वर्षमा नेपाली प्रतिनिधि-मण्डल सरसौगात लिई पेचिन जाने बन्दोबस्त भयो । यति कुरा हामीले माथि नै विचार गरिसकिएको छ । यस-अतिरिक्त उन्नाइसौं शताब्दीसम्म अर्थात् १८९६ सम्म चीन जाने प्रतिनिधि मण्डलको पाए-सम्मको विवरण पनि प्रस्तुत गरिसकिएको छ[१]। नेपाल चीनयुद्धबाट नेपालको सार्वभौमिक सत्ता-मा आँच आयो । नेपालले पेचिनको अधीनता स्वीकार गरी कर बुझाउन लाग्यो इत्यादि कुरा पनि प्रचारमा आएका छन् । यस बारेमा विस्तृत चर्चा पनि माथि नै भइसकेको छ । यो युद्ध किन भयो, कसका अर्थेलाले भयो यसमा लाभ हानि के कति भए । यो प्रतिनिधि मण्डलको आवागमनबाट के कस्ता उपलब्धि थिए भन्ने कुरा पनि अब यहाँ दोहोऱ्याउनु आवश्यक छैन । अब यहाँ ता बीसौं शताब्दीको सुरुदेखि बदलिंदो परिस्थितिमा नेपालको पेचिन सम्बन्धले कस्तो रूप लियो भन्ने सम्बन्धमा मात्र विचार गर्न लागिएको छ । जंगबहादुर-को उदय पछि गएका प्रतिनिधि-मण्डलको बारेमा मात्र केही भन्नु परेको छ ।

विदेशनीतिका बारेमा इतिहासकारको भनाइ - वि.सं. १९०३ मा जंगबहादुर नेपाल-को राज्यसत्तामा सर्वेसर्वा भए । त्यस वेलाको परिस्थितिमा एक पक्षको उदय हुँदा अर्को पक्षको विनाश हुनु साधारण थियो । तर जंगबहादुरको उदय चाहिँ अलिक अनौठै थियो । यो भन्दा अघि एक पक्षको उदय हुँदा अर्को पक्ष निमिट्यान्न हुँदैनथ्यो । राजाको अधिकार पनि खोसिँदैनथ्यो । यद्यपि भीमसेन थापाले रणबहादुरको आज्ञाले दामोदर पाँडेको समूलोच्छे-दन गरेका थिए । त्यस्तै उनले ६३ सालमा पनि विरोधी उच्च भारादारलाई पनि रणबहादुर-को वधमा सरीक भएको अभियोगमा पारेर भन्साएका भए पनि बाहिर र सदरमा रहेका अरू भाइ-भारादारको कमी थिएन । राजा पनि नाबालक छउन्जेलमात्र भीमसेन थापाको हाइ-दुहाइ चल्यो, राजा साबालक हुने वित्तिकै भीमसेन थापाको अधिकार खोसिएको र उनको पतन पनि भएको थियो । तर जंगबहादुरले साराका सारा भारादारलाई समाप्त पारेर राजालाई पनि निःशक्त गराएर राजसत्तामा आएका थिए । उनी अधिकारमा आउँदा ३० वर्षको उमेरमा पनि पुगेका थिएनन् । तैपनि उनी दरबारको चालबाजी राम्ररी देखेसुनेका थिए ।

---

१. ज्ञानमणि नेपाल - नेपालको वैदेशिक-सम्बन्ध- नेपालचीनसम्बन्धी अभिलेख (अप्रकाशित) ।

भारदारकै छोरा नाति भएकाले अब म कसरी शक्तिमा अडिरहन सक्छु भन्ने र कसरी दुइतिर-का दुइ शक्तिशाली राष्ट्रसंग संतुलन मिलाउन सक्छु भन्ने कुरा पनि उनले सोचिरहनु पर्ने थिएन । यो सन्तुलन मिलाउने काइदा उनले बुझिसकेका थिए । धेरै इतिहासकारहरूले जंग-बहादुर अंग्रेज रेजिडेण्टसंग मिलेका थिए, । उनकै सल्लाहाले उनले कोतपर्व गरेका थिए र पछि उनी सर्वात्मना इष्टइण्डिया कम्पनी सरकारका इशारामा नाच्न थाले भन्ने कुरा लेखेका छन् । यसै धारणालाई मनमा राखी आधुनिक इतिहासमा कलम चलाउने एक इतिहासकारले अझै बढेर जंगबहादुरले आफू अधिकारमा आएपछि अंग्रेजलाई खुशी पार्न पेचिनसंगको सम्बन्धै विच्छेद गरिदिए भन्नेसम्म कुरा लेखिदिए-"सं. १९०४ मा नेपालबाट ५ वर्षे प्रतिनिधि मण्डल जाने पालो आएको थियो , जंगबहादुरले शक्तिमा आउने बित्तिकै यो प्रतिनिधि मण्डल पठाउने काममा प्रतिबन्ध लाए । यसको लागि खास पत्यार लाग्दो कारण त छैन । संभवत: सं. १८९४, र १८९९ का प्रतिनिधि-मण्डल प्रति कलकत्ताको रूखलाई ध्यानमा राखी उनले आगोमा घ्यू थप्ने काम नगरेका होलान् । धेरै नेपाली शरणार्थीहरू भारतीय भूमिमा रहेका थिए । उनीहरूलाई ब्रिटिशहरूले सहायता नगरून् भनेर पनि इष्टइण्डिया कम्पनीसंग विशेष समझदारीपूर्ण सम्बन्ध राख्नु उनलाई जरूरी पर्न आयो । यही परिस्थितिलाई ध्यानमा राखी जंगबहादुरले चीनसंगको सामान्य सम्बन्ध कायम नराख्ने कुरा महशूस गरे होलान् । सं. १९०४ मा चीन जाने प्रतिनिधि मण्डललाई स्थगित राख्न जे कारण भएपनि ५ वर्ष पछि परिस्थिति बदलियो । त्यसकारण जंगबहादुरले पुन: पेचिनसंगको सम्बन्ध नवीकरण गर्ने विचार गरे [२]। सं.१९०९ मा चाहिं पेचिनमा प्रतिनिधि-मण्डल पठाए, ४ सालमा चाहिं आफूप्रति ब्रिटिशहरूको भावना राम्रो पारी भारतमा रहेका आफ्ना विरोधीलाइ समाप्त गर्न पनि नपठाएका हुन् भन्ने भाव माथिको वाक्यबाट बुझिन्छ । अब हामीले सं.१८०४ मा नेपाली प्रतिनिधि-मण्डल चीन गयो गएन भन्ने सम्बन्धमा विचार गर्नुभन्दा पहिले जंगबहादुरको नीतिबारे अलिकति बुझ्नु पनि आवश्यक हुन आउँछ ।

अंग्रेजसंग सम्बन्ध:- जंगबहादुर शक्तिमा आएपछि उनले लिएको विदेशनीतिमा र उनीभन्दा पहिलेका पाँडेहरूलाई छोडेर उनका मावली खलक भीमसेन थापा माथवरसिंह थापाले र रंगनाथ गुरुज्यू चौ.फत्यजंग शाहहरूले चलाउँदै आएको विदेशनीतिका बारेमा तुलनात्मक अध्ययन गर्दै जाँदा केवल सामान्य बाहिरी औपचारिक आवरणमा चाहिं जरूर केही फरक परेको जस्तो देखिए पनि भित्री मौलिक कुरामा त्यति अन्तर आएको देखिँदैन । हो, ब्रिटिशविरोधी उग्र नारामा अब केही नरमपना आयो, भीमसेन थापाले आकर्षक उग्र अंग्रेज विरोधी नारा पहिले घन्काएता पनि गर्न केही सकेका होइनन् । आखिरमा आएर जंग-बहादुरले लिए जस्तै नरम नीति अपनाउनै पर्‍यो उनले पनि । बेलायत गएर ब्रिटिशसरकारसंग

२. लियोरोज - नेपाल स्ट्राटेजी फर् सर्वाइवल, २०२८, १०७ पृ.।

समझदारी बढाउने कुरा भीमसेन थापाले पनि नसोचेका होइनन् । यस काममा पनि उनी असफल रहे, जंगबहादुर सफल बने, त्यतिमात्रै फरक हो । फौजलाई अंग्रेजी करण गर्नु जर्नेल कर्णेल पद ग्रहण गर्नु अंग्रेजी रहन-सहन अपनाउनुले भीमसेन थापाको आन्तरिक समर्थन अंग्रेजप्रति थिएन भन्न सकिन्न । यो कुरा नेपालदरबारलाई धेरै खट्किरहेको थियो र नै उनको पतनको लगत्तै केही दिनपछि जर्नेली कर्णेली लेफ्टेनी पगरी माफुप गरी पुरानै श्रेस्ता बमोजिम चौतरिया काजी सरदार कुम्मेदान सुबेदार आदि पद कायम गरिएका थिए[3]। अंग्रेज रेजिडेण्ट भीमसेन थापाका समर्थक र हितचिन्तक नै थिए, भीमसेनले आत्महत्या गरी मरेको खबर सुन्ने बित्तिकै उनी `रूमालले मुख छोपी सुँक्क सुँक्क गर्दै रोएको' कुरा प्रत्यक्षदर्शी कप्तान कावीर खत्री मुंशी लक्ष्मीदासले कहेका थिए । त्यसवेला थापा परिवारले `अंग्रेजवहादुरलाई ज्यान हुर्मत बचाइदिने, दु:खी विनिसापमा मर्नेलाई उद्धार गर्ने` का रूपमा सम्झेका थिए । राम्रो-सँग अध्ययन गर्दा जंगबहादुर पनि त्यति धेरै तल खसेर अंग्रेजप्रति समर्पित थिए भन्न सकिँदैन । भलै उनले आफूलाई अंग्रेज समर्थकको रूपमा प्रस्तुत गरे पनि ब्रिटिश साम्राज्ञी भिक्टेरियालाई अनुकूलकी बनाए पनि उनले भनेका सबै कुरा स्वीकार्यरूपमा लिएका चाहिं थिएनन् । महारानीले नेपाल दुर्गम देश छ, यातायातको सुविधाका लागि मेची महाकालीसम्म मधेश पाहाड जहाँबाट सम्भव हुन्छ रेलमार्ग वनाई दिन्छु भन्दा उनले इन्कार गरे । अपहत्ये गर्दा गर्दै पनि ब्रिटिशसरकारलाई गोरखाली फौज भर्ती गर्ने सरकारी अनुमति दिएनन् तथा रजिडेण्ट र उनका सहयोगी कुनै पनि अंग्रेजलाई नेपालमा स्वतन्त्ररूपले डुलफिर गर्न पनि दिएनन् । आफूले आर्जेको श्रीसम्पत्ति अंग्रेजको मुलुकमा लगेर थुपारेनन्, विदेशमा लगेर धन राख्ने कुरामा ऐनै बनाएर रोक लाए, कसैले पनि व्यक्तिगत सम्पत्ति पनि विदेश लगेर राख्न नपाउने भयो । इत्यादि कुराले उनका विदेशनीतिका बारेमा हामीले उपर्युक्त कुरा भन्नुपरेको हो ।

हुन त उनका नीति सम्बन्धी दोष व्यक्तिगत चरित्रसम्बन्धी दुर्गुण नभएका होइनन्, त्यसमा पनि राणाशासनका पछिल्ला कालका सबै दुर्गुण उनका उपर लगेर थोपार्नु चाहिं उचित पर्दैन ।

फिरंगीसमर्थनको दोष:- राज-भक्ति, राष्ट्रभक्ति, फिरंगी समर्थनका सम्बन्धमा जंगबहादुरलाई दोष लाए जस्तै यी भन्दा पहिलेका मुख्तियारलाई पनि नलाइएका होइनन्। मुख्य वजीर दामोदर पाँडे फिरंगी समर्थन र राजद्रोह गरेको अभियोग लाइएरै शाखासन्तान-सहित दण्डित गरिएका थिए । वास्तवमा बहादुर शाहका अनन्य भक्त उनका हाइदुहाइमा कर्कपेट्रिक असफल भई फर्केका थिए, नक्सको दल विमुख बनी बाटा लागेको थियो । राज-भक्तिका बारेमा भन्ने हो भन्ने स्वयंरणबहादुरले पशुपतिको धर्मशिला छुवाई धर्मपत्र तावाँ-पत्र गराई गीर्वाणयुद्ध विक्रमको सत्य धाउँछु भनी प्रतिज्ञा गराए-मुताविक उनी गीर्वाणयुद्ध

---

३. चित्तरञ्जन नेपाली - जनरल भीमसेन थापा र तत्कालीन नेपाल, २०२२, २८४-५ पृ.।

कै सती गएका थिए । राजभक्तिमा उनी कमजोर थिए भनी आँक्न कुनै इतिहासकारले सक्छन् होला जस्तो मलाई लाग्दैन । तैपनि के गर्नु, उनी राजद्रोहकै फिरंगीसंग मिलेकै अभियोगमा मारिए । भीमसेन थापालाई पनि राजकुमार मारेको फिरंगीसंग मिलेको अभियोग लागेको थियो । फिरंगीसंग मिल्ने भारादारको सर्वस्व भो दण्डशासना भो भन्ने कुरा नै प्रचारमा आयो[४]। भीमसेन थापाको स्त्रीवश तथा लहडी `राजा प्रति त्यत्रो` अन्यराज भक्ति थियो, `त्यो उनको ठूलो गल्ती थियो`[५] भनी केही इतिहासकारले लेखेको पनि देखिन्छ । त्यस्तो गल्ती नगर्ने माथवरले "हजुरहरू २ सरकार (राजेन्द्र सुरेन्द्र)बाट राकाज चली सक्तैन हजूरका माहिला पुत्र (उपेन्द्र) लाई ली राजकाज चलाऊ[६] भन्दा उनी मारिएका हुन् भन्ने कुरा राजेन्द्रको पत्रमा उल्लिखित छ ।

यस्तै जंगबहादुरका उपरमा पनि विभिन्न कुरा प्रचारमा आए । उनलाई उसै वेला दोष लागेका पनि थिए । दोष जति लगाएपनि उनी सबै अभियोगबाट उम्किए, उनलाई कसैले केही गर्न सकेन, प्रथम त उनले राजेन्द्र विक्रमलाई गद्दीच्युत गरी सुरेन्द्र विक्रमलाई सिंहासनमा राखे, यसमा त उनले ठूलो चातुरीले काम लिएकै हुन्, पहिले कान्छी रानी राज्यलक्ष्मीदेवीको आडले कौतपर्व गरे, शक्तिमा आइसकेपछि सुरेन्द्र विक्रमको आडले उनलाई निकाले । तर राजा राजेन्द्र विक्रम कान्छी रानीको पक्षमा लागेर काशी नगइदिएका भए अथवा गएरै पनि एकआध वर्षपछि रणबहादुर सह्र सरक्कै आइदिएका भए जंगबहादुरलाई उनको सिंहासन हर्न हम्मे नै पर्ने थियो । उनी सुरेन्द्रको वैध अधिकार खोसेर आफ्ना छोरालाई राजा बनाउन जुनसुकै मूल्य चुकाएर पनि तंसैकी कान्छी रानीकासाथ लागेर लड्न अघिसरे, के खोज्छस् काना, आँखा भने जस्तै जंगबहादुरलाई भयो । प्रचार गर्न पनि उनले राम्रो बाटो पाए औ सुरेन्द्र विक्रमलाई राजसिंहासनमा राखेर राजेन्द्र विक्रम शाहलाई नजरबन्दीमा राख्न पनि सबैको समर्थन ।

यसपछि पनि राजद्रोहको दोष उनमा लाग्दैन रहे, प्रचार हुँदै रहे, राजालाई गद्दीबाट ओह्रालेर स्वयं जंगबहादुर राजा हुँदैछन् वायसरायसंग सल्लाहमसविरा गर्दैछन् आदि । तर उनले राजाको अधिकार आत्मसात् गरेका भएपनि राजाको मानमर्यादामा कति पनि आँच आउन दिएका थिएनन्, सुरेन्द्र विक्रमका उनी पक्का भक्त बालककालदेखि बनिरहेका थिए, जसका आज्ञाले इनारमा हाम्फाल्नेसम्म साहसी जोखिमको काम गरेका थिए । उनका भाइ छोराबाट राजाप्रति कुनै अपमानजनक सानो तिनो कुरा उठे भने पनि जंगबहादुरका अगाडि ती सबै शान्त भइ जान्थे । पारिवारिक सम्बन्ध गाँसेर सन्धी बन्न आएका जंगबहादुर राजाका अनन्य भक्त मानिन्थे, राजा पनि जंगबहादुर प्रति अनुगृहीत प्राय: सन्तुष्ट पनि थिए । भीमसेन थापाको पतनपछि पेचिन गएका १८९४ को र १८९६ को प्रतिनिधि मण्डलले उग्र अंग्रेज विरोधी नीति लिएका र त्यसवाट असन्तुष्ट भएको इष्टइण्डिया कम्पनी सरकारलाई खुशी पार्न अंग्रेजको मुलुकमा आफ्ना विरोधमा सञ्चालन हुने विरोधी कामकारवाही रोकाउन पनि

---

४. `नेपालचीनसम्बन्धी अभिलेख` मा संकलितपत्रवाट । ५. ज.भी.त. नेपाल, ३६ पृ.।
६. `ने.ची. अभिलेख` बाट ।

आफ्ना पालामा आएको चीन जाने प्रथम पालोमा जंगबहादुरले प्रतिनिधि मण्डल पेचिन पठाएनन् । भारतमा बसेका आफ्ना विरोधीका विरोधी गतिविधि कम भएपछि आफू बेलायत गएर ब्रिटिशसरकारसंग राम्रो सम्बन्ध कायम गरिसकेपछि फिरंगी विरोधी नेपाली जनताको मन राख्न पनि जंगबहादुरले फेरि चीनसंग सम्बन्ध बाँध्ने कुरा सोचे र १९०६ मा चाहिं प्रतिनिधि मण्डल चीन पठाए भन्ने रोजको तर्कतर्फ विचार गर्नु परेको छ । यो कुरा उनले कुन आधारमा लेखे हामीलाई थाह छैन । यसरी नेपालले पेचिनमा प्रतिनिधि-मण्डल मन लागेका वेला पठाउने मन नलागेका वेला नपठाउने कुरा कति मिल्दो जुल्दो थियो, विचारणीय छ । वास्तवमा यो जंगबहादुरलाई अंग्रेजका भक्त बनाउने धूनमा कल्पित कुरा मात्र हो ।

गृहनीति:- कोतपर्व भण्डारखाल पर्वपछि शक्तिसम्पन्न जंगबहादुरले कान्छी रानी राज्यलक्ष्मीलाई बनारस पठाए । रानीसँगै राजा राजेन्द्रविक्रम कार्तिक २७ गते यहाँबाट काशी जान प्रस्थान गरे । मार्गवदि १२ मा जंगबहादुरले ६२ सालको हरणमा परेका बाहुनका विर्ता फिर्ता दिने, सट्टा दिने कुरा राजेन्द्रविक्रमकै नामबाट घोषणा गराए[७]। परम्पराप्राप्त श्री ५ को राजगद्दी सुरक्षित पारे, हरिएका सारा बाहुनका विर्ता फिर्ता गराए भन्ने प्रचार गराएर पछि धार्मिक रूढीवादी राजनीति विचार नभएको त्यस वेलाको नेपाली समाजमा लोकप्रिय हुन हुनलाई बेर लागेन । विरोधीलाई उग्र दण्ड र आफ्ना अनुयायी र समर्थनमा आउनेलाई खानादानाको बन्दोवस्त गरिदिएनाले र प्रजामा वेठ बेगार करका भार कम गर्नाले पनि गृहनीति सुल्झाउन उनलाई बेर लागेन । यसपछि उनी आफ्नो विदेशनीति सपार्न पट्टि लागे ।

विदेशनीति र चीन-सम्बन्ध:- जंगबहादुरले विदेशनीतिमा परिवर्तन ल्याए भने पनि सुधार गरे भने पनि यसपछि नेपालले लडेर इष्टइण्डिया कम्पनीले १८७२ मा लगेर खाएका आफ्ना जग्गा फिर्ता लिन्छ भन्ने आजसम्म प्रचारित हुँदै आएको कुरा चाहिं बदलियो । जंगबहादुर अंग्रेजसंग युद्ध गर्दैनन् भन्ने भाव अंग्रेजले बुझे । एक किसिमले अब उनले सम्झौतावादी नीति अपनाए । बलिया शत्रुसंग लडेर आफ्नो इच्छा पुरा गर्न नसकेपछि सम्झौतावादी नीति अपनाएर आफ्नो कुरा पट्याउन खोज्नु उनको विदेशनीतिको प्रमुख भूमिका रह्यो । अंग्रेजसंग मित्रता बढाउने आत्मीयता बढाउँदै लगेर १९१४ को विप्लवमा गोरखाली फौज पठाएर आफैं रणभूमिमा उत्रेर साहवान अंग्रेजको उपकार गरे । बदलामा नयाँमुलुक फिर्ता ल्याए । राष्ट्रिय दृष्टिकोणबाट यो उनको महान् उपलब्धि मानियो । गुमेको र पाएको देशको क्षेत्रफलको यकीन ध्यानविवेक गरेर गढेर केलाउन नसक्ने त्यस वेलाको नेपाली समाजमा यो प्राप्ति पनि सानो तिनो ठहरिएन। यसले जंगबहादुरको प्रतिष्ठामा श्रीवृद्धि नै गर्‍यो ।

---

७. ज्ञानमणि नेपाल - वासठ्ठीहरणको दोष मेट्ने प्रयास - नेपाल कानूनपरिचर्चा, २१ पृ. । कानून अध्ययन संस्थान, ५६-६७ पृ. ।

यता भारतीयका विरुद्धमा परम्पराको विपरीत अंग्रेजको सहायता गरेको दोष उनलाई लागेको छ तापनि यो मन्दा ४ वर्ष पहिल्यै चीनमा फैलिएको ताइपिंग विद्रोह दवाउन चीनवादशाहलाई दश हजार नेपाली फौजसाथमा लिएर सहयोग दिन आफैं जान पनि कम्मर कसेका थिए । टाढाको बाटो अप्ठ्यारा घाटजंघार प्रतिनिधि-मण्डल आउँदमा कस्तो गाह्रो परिरहेछ भने फौज पठाउँदा बाटामा दुःख होला पठाउनु पर्दैन, वादशाहले बाहिरबाट सहायता लिने दस्तुर छैन भनियो । हो, जंगवहादुरले पेचिनबाट आफूलाई मद्दतको सट्टा उल्टै नेपालले वादशाहलाई सहयोग दिने दृढता देखाए, मलै सहायता दिन फौज पठाउनु परेन, त्यो वेग्लै कुरा हो । चीनलाई अप्ठ्यारो परेका वेला सहायता दिनु पर्छ भन्ने भावना पछिसम्मै जागरित थियो, फ्रान्सले चीनमा आक्रमण गरेका वेला ३० हजार तालीमी नेपाली फौज सहायता गर्न पठाउँछौं भन्ने व्यहोराको पत्र पछि पनि पठाइएको थियो । वादशाहसंग आत्मीयता देखाउँदा देखाउँदै उता विद्रोहले चीन आफ्नै गृहस्थितिमा अल्झिएको अवसर पारी भोटलाई दबाउन १९१२ मा जंगबहादुरले सैनिक कारवाही गरे । युद्धमा भोटलाई जितेर व्यापार विस्तार गराए । प्रतिवर्ष १० हजार कर पनि तिराए । यो उनको विदेशनीतिको सफलता थियो र यसले उनको यशमा चार चाँद लाइदियो, नेपाली धोको केही मात्रामा पुरा भयो, गुमेको केही देश पनि मिलेर अंग्रेजबाट फिर्ता आयो, लडेर भोट पनि विजित भयो ।

अब हामी प्रासङ्गिक कुरातिर जाऔं । माथि नै भनियो, जंगबहादुर उदयपछि १९०४ मा नेपालले पेचिनमा प्रतिनिधि-मण्डल पठाउने पालो थियो । यो भन्दा वर्ष दिन ६ महीना पहिलेदेखि ल्हासाका अम्बाले पत्र पठाई सूचित गर्दथे र यताबाट स्वीकार गरी पत्र पठाइन्थ्यो र प्रतिनिधि पठाउने तरखर गरिन्थ्यो । यस पाला ल्हासाबाट पत्र पठाउन किन हो अलिक ढिलो भएछ र सं.१९०३ फागुनसम्म केही खबर आएन, अनि आफैं जंगबहादुर लाई तातो लाग्यो । त्यसपछि राजाको नामबाट १९०३ को फागुनमा अम्बाकहाँ पत्र गयो, -'सदा धेरै पहिले प्रतिनिधि मण्डल पठाउने सम्बन्धमा पत्र लेखीआउँथ्यो, यसपाली भुलेर होकि किन सो कुरा लेखीआएन' भनेर । 'यत्रो ठूलो कुरा किन भुल्थ्यौं भुलेका छैनौं, रीत छाडेर काम कहिल्यै गर्दैनौं, हामीले आउनू भनेर मात्र तपाईंहरू आउने गर्दा तपाईंहरूको इज्जत कम हुन जाला तपाईंहरू पनि एक देशका राजा चतुर विचक्षण हुनुहुन्छ, साबिक बमोजिम ठीक वेलामा भला मानिस पठाउनु होला, उनको नामनमेसी आउने बाटो दिनसमेत खुलाई अघिबाटै लेखिपठाउनु होला र साँधसम्म लिन मानिस पठाउन हामीलाई सजिलो पर्छ' भनी अम्बाले लेखे[८]।

अघिल्लै सालदेखि नेपाल भोट सीमाना रहेका कुती केरुङमा जगात भन्सार दस्तुरका बारेमा गडबड उठी ठूलो कचिङ्गल परिराखेको थियो । सो समस्या समाधान गर्न काजी सुरथसिंह पन्थ र रणभन्ज कार्की केरुङ गएका थिए । तर दस्तुरको घटीबढी चोरी ज्यान

---

८. पत्र प्रमाणखण्डमा प्रकाशित छन् । द्रष्टव्य तल १९५-९६ पृ. ।

सम्बन्धी मामिला धेरै पर्न गएकोले सबै समस्या समाधान हुन नसकी उनीहरू फर्केर आएका थिए । केरूङ्ग्वाट काजीले कोसेली भनी अम्बालाई नेपाले खुकुरीहरू पठाइ दिएका थिए । सो कुरा साबिकमा नचलेको भनी अम्बाले फिर्ता गरी पठाइ दिए[९]।

यसै वेला यता काशीबाट अलौमा आएर राजेन्द्र विक्रमले विदेशमा शरण लिएका नेपाली भारादारर अन्य केही अर्धशिक्षित सैनिकका साथ नेपाल पस्ने प्रयत्न गरे । काठमाडौंबाट तालीमी फौज पठाएर राजेन्द्रको सो प्रयत्न विफल पारियो । यता उतिबेलै सुरेन्द्र विक्रम शाह राजगद्दीमा आरूढ भएर यसको सूचना चीनवादशाहकहाँ पठाइयो, 'बुबाज्यू काशी जानु भएको आउनु भएन मेरा ज्येठा छोरा महाराजाधिराजको सोफो गर भनी लालमोहर बजीर भारादार फौजसमेतलाई पठाउनु भएछ र सबैका आग्रहले प्र.जे. वदि १३ का दिन गादीमा बसेँ, बुबाज्यूका पालामा जस्तै वादशाहको अर्तीशिक्षा माफिक चल्नेछु[१०] भनेर ।

१९०४ को प्रतिनिधि-मण्डलको संक्षिप्त यात्रा-विवरण:[११]

पहिले पठाएको सूचना बमोजिम १९०४ आषाढ १४ गते पेचिन जाने प्रतिनिधि-मण्डल काठमाडौंबाट प्रस्थान गऱ्यो । यसको नेतृत्व उनै केरूङ्ग कचहरीमा जाने काजी सुरथसिंह पन्थले गरेका थिए । सरदार अहिवर्ण बस्नेत र अरू पगरीमा सुवेदार अमरध्वज पन्थ सन्तवीर बस्नेत भक्तवीर अधिकारी हर्षबहादुर पन्थ उजीरसिंह बस्नेत हम्बीर पन्थ छत्रसिंह खड्का खरिदार रंगलाल उपाध्याय जमादार गम्भीर पन्थ इन्द्रवीर रामनरसिंह जोरावरसिंह नायक दोभासे तिखुलसिंहहरू थिए । सधैंभैं प्रतिनिधि-मण्डलका जम्मा सदस्य ४५ थिए । लामो धेरै दिनको परदेश, प्रतिकूल मौसम, विकट बाटो, लगातारको हिडाइ, बाचेर आउने आशा धेरै कम हुने हुँदा सकभर अरू प्रमुख पगरीहरू पनि नभए काजी सरदार चाहिँ अवश्य आफ्ना छोरालाई प्रतिनिधि-मण्डलमा कुनै रूपको सदस्य बनाई साथै लिएर जान्थे । घरमा पनि आफ्नो लेखाजोखा कहेर हिड्थे । यसपाला पनि काजी सरदारले आफ्नो छोरालाई सदस्यको रूपमा साथै लगेका थिए । पगरीको रूपमा अथवा सिपाहीकै रूपमा १।२ जना बाहुन पनि सदस्य हुन्थे । यस पाला पनि साबिकमा केही अन्तर नपारी वादशाहलाई अर्जी लेखियो । कति पनि घटबढ नगरी सौगातको सामान पनि पठाइयो । वादशाहलाई छुट्टै सौगात तयार पारेर त्यसपछि अम्बा दले लामा राजा लामा दिगर्चा लामा कस्यालका चार काजीहरूलाई पनि छुट्टाछुट्टै कोसेली पठाइयो, अरू तालोये ढेवाहरूलाई पनि हातको शोभा सीसार दिने चलन थियो । कुतीसम्म मोटका भारादारहरू प्रतिनिधि-मण्डललाई लिन आए । भदौमा यो प्रतिनिधि-मण्डल ल्हासा पुग्यो । ल्हासामा केही दिन विश्राम गऱ्यो । साविक-बमोजिम भेटघाट सौगातको आदानप्रदान भए । अम्बाबाट दले लामाबाट छालाका लुगा दोचा बख्खु चामल पीठो भेडा दस्तुर माफिक प्रतिनिधि-मण्डलले पाए, १०० टाँक चाँदी पनि पाए । अम्बाले यता श्री ५ लाई पनि विभिन्न उपहारका वस्तुहरू बौद्ध सिम्भूमा चून लाउन

---

९. द्रष्टव्य तल - १६६ पृ. । १०. १६७ पृ.। ११. यो विवरण तल प्रकाशित पत्रकै आधारमा तयार पारिएको छ ।

आउने चिट्ठुङ्का हात पठाइ दिए । कुती केरुंगमा नेपाली बेपारीसंग नून खेप्ने ढाक्रेसंग बेदस्तुरसंग जगात बढाई लिएको कुरा मिलि राखेको थिएन, सो कुरा पनि चीनी अम्बासंग काजी सरदारले जाहेर गरे । अम्बाले पनि कुती केरुंगमा बसी काम गर्ने चारै जना फुम्पुनहरू लाई फिकाई सजाय गरिदिने र तिनका बदलामा अरू ४ जना इमानी जाँची बुझी ठहराएर काम गर्न सक्ने फुम्पुनहरू खटाई पठाउने आश्वासन दिए । नेपाली नेवार नाइकेले सबै मुसलमान बेपारी पनि अदल गर्न पाउनुपर्छ भन्ने कुरामा खटपट गरेको बारेमा पनि छलफल भए । सो कुरामा साबिकमा जे छ सोही बमोजिम गर्ने गराउने भन्ने कुरा भए ।

केही दिन ल्हासामा विश्राम गरी प्रतिनिधि-मण्डल पेचिनतर्फ प्रस्थान गऱ्यो । साबिकमा चीनको अर्को साल नलाग्दै पेचिन वादशाहको दर्शन गर्न पुग्नु पर्दथ्यो । यस पालि बाटामा अलिक ढिलो भएकोले प्रतिनिधि-मण्डल तौंक्वाग २८ साल लागेपछि अर्थात् ४ साल फागुनको १६ गतेमात्र पेचिन पुग्यो । त्यतिवेला वादशाह बाहिर पानीका झर्ना बगेको पाहाडको ऊचाँ दरबारमा बसेका थिए । काजी सरदारपगरीहरूले ४ दिनपछि १६ गते उही गएर वादशाहको दर्शन गरे । वादशाहबाट श्री ५ लाई माणिकको गजुर बक्स भयो । काजी सरदारहरूले पनि गजुर कल्की साबिक बमोजिम पाए । वादशाहका तर्फबाट पनि भोज खान पाए। नाँच तमासा खेल आतसवाजी देखाइए । अरू बस्ने खानेपिनेको सबै बन्दोबस्त राम्रो थियो । केही दिन प्रतिनिधि मण्डल पेचिनमा बस्यो र वादशाहले श्री ५ लाई र आफूलाई दिएका प्रवाना र सरसौगातको सामान लिई नेपालतर्फ फर्क्यो ।

जंगबहादुर प्रधान मन्त्री हुनुभन्दा पहिलेदेखि भोट सीमानाको कचपचले नेपाल भोट बेपारमा हानि भइरहेको थियो । यता भोटमा नेपाली मालको खपत गराउने चीनी तिब्बती मालको खरीदविक्री नेपालमा चलाउने ध्येयले जंगबहादुरले भोटमा एउटा सरकारी व्यापारी कोठी खोल्ने विचार गरेका थिए । प्रतिनिधि-मण्डल चीन जाँदा लगेको माल र उसले उहाँबाट किनी ल्याएका सामानबाट त धेरै लाभ थियो भन यसरी सरकारी बेपारी कोठी खोल्न पाए बेपारबाट धेरै नाफा हुने कुरा उनले देखेका थिए । नेवार नाइके बस्ने चलन छँदै थियो । सरकारी कोठीका लागि अर्को भला मानिसलाई वकील बनाएर पठाउने विचार पनि गरेका थिए । यसको स्वीकृतिका लागि १९०५ आषाढमा अम्बाकहाँ श्री ५ को भाकाबाट पत्र पठाइयो ।

सं.१९०४ चैत्र शुदि ६ का दिन पेचिनबाट प्रतिनिधि मण्डल प्रस्थान गरेको थियो । यताबाट लगेको अर्जी सौगात सपूर्त पेचिन पुऱ्याउनु र पेचिनबाट दिएको प्रवाना र चीजवीज सपूर्त यहाँ ल्याइ पुऱ्याउनु पनि यसको मुख्य कर्तव्य हुन्थ्यो । यसपालि पेचिनबाट हिंडी चौंथो वासमा आइपुग्दा एक जना भरिया भारी चोरेर भागी बेपत्ता भयो । यो नयाँ घटनाले निकै खलवल ल्याएको थियो, यसका बारेमा पछि विचार गरिनेछ ।

तौक्वाङ्ग २८ साल ५ महीनाको १७ गते यो प्रतिनिधि-मण्डल सङ्गान शहरमा आइ-पुग्यो र २८ गते त्यहाँबाट प्रस्थान गर्‍यो।२९ गते बिहानै सिनचिनशहरमा चीनी नेपाली पढेका दोभासे रामनारायणको औलाको ज्वरो आउँदा-आउँदै सोही वेथाले मृत्यु भयो । नेपाली दस्तुर मुताविक अन्त्य-संस्कार भयो । २ जना नेपाली दुइ जना चीनी गरी जम्मा ४ जना दोभासे थिए । तिलुलसिंह दोभासे काठमाडौँबाट प्रतिनिधि-मण्डलसँगै गएका थिए । रामनारायण ५ वर्ष पहिले नेपालबाट गएर ल्हासामा चीनी भाष्ा पढ्दै थिए । गतसाल प्रतिनिधि-मण्डलका साथ उतैबाट पेचिन गएका २६ वर्षको उमेरमै परलोक भए ।

तौक्वाङ्ग २८ साल ६ महीना २० गते प्रतिनिधि-मण्डल ल्हासा आइपुग्यो । केही दिन विश्राम गरेर १० महीना १३ गते नेपालतर्फ हिड्ने विचारमा थियो, सरदार अहिवर्ण वस्नेतको पनि वेथा वढ्दै गयो । लुङमारीदेखि नै उनी बेराम परेका थिए । ल्हासामा केही दिन बसेर आराम होला र काजीसँगै फर्केर जाउँला भन्दै थिए । औषधिमुलो केहीले छोएन । उनी पनि परलोक भए । हिड्ने वेलामा फेरि काजी सुरथसिंह पन्थ पनि `आकाशचली` को वेथाले पीडित भए, वाक्य रह्यो, वैद्य धामी लाउँदा केही सीप लागेन । यो बेथाको उपाय केही नहुँदा १५ दिन रोगाएर काजी पनि मार्ग २७ गते परमधाम भए । छोराहरूले नेपाली रीतिले अन्त्य-संस्कार गरे ।

त्यसपछि तौक्वाङ्ग २८ साल ११ महीनाका ३ गते ल्हासाबाट बाँकी पगरीहरू प्रवाना सौगात लिई हिडे । अम्बाको अग्रिम सूचना-अनुसार यताबाट सरदार विष्णुप्रसाद उपाध्यायको नेतृत्वमा अर्को दल केरूंगसम्म अर्जी सौगात लिई आउने प्रतिनिधि-मण्डललाई वल्कन गयो । सं. १९०५ फागुनमा प्रतिनिधि-मण्डल काठमाडौँ आइपुग्यो । बालाजुदेखि सधैंका जस्तो वादशाहको प्रवाना हालेको बाकस हात्तीमाथि राखी रिसल्ला घोडा आगेपीछे गरी सिन्दूरजात्रा गर्दै नाच तमासा देखाउँदै हनूमान्ढोका दरबारमा भित्र्याएर सिंहासनमा राखी दर्शन गरियो, पर्वाना पढेर सुनाइयो । वादशाहले दिएको सौगात कोसेली बुझेर प्रत्युत्तर अर्जी पठाइयो ।

सामान चोरी- सं.१९०४ चैत्रशुदि ६ आइतवारका दिन यो प्रतिनिधि मण्डल विदा भयो र पेचिनबाट प्रस्थान गर्‍यो । ३ वास हिडेपछि चौथो दिन बुधवार यो प्रतिनिधि मण्डलको वास डङ्गटिस्यान् भन्ने गाउँमा पर्‍यो । खच्चरले बोकेका मारी खच्चरका मालिक लोयु भन्ने चीनियाँका जिम्मामा रहन्थे । भरियाले पिठ्यूँमा बोकेका मारी भरिया नाइके तिलुल सिंहका जिम्मामा थिए, र उसकै डेरामा जम्मा हुन्थे । डङ्गटिस्यान्मा वास वसी जस्ताको तस्तै मारी बोकाएर बिहिवार बिहान त्यहाँबाट प्रतिनिधि-मण्डल हिड्यो । दिउँसो चिया खाउन्जेलसम्म पनि मारी सपुर्तै थिए । बेलुका पाउचिन्फुमा वास पर्‍यो । तिलुलसिंह जिम्माको मारी १ आएन। त्यस मारीमा वादशाहले श्री ५ लाई बक्स दिएको माल मध्ये फटिकका मूर्ति २ दुइमुखे गुलाफी मालोछी १ वैठकवाला कटौरा २ पोलेछी

काचका वेला २ काजीले खरीद गरी लिएका सिंगैसनका कचौरा १५ थिए । मरिया नाइकेले चीनी दोमासेलाई सूचना गरे । मरियाले भारी नै गायब गर्‍यो, ल्याएन । काजी सरदारले त्यहांका चुन्दु अम्बासंग मेट मुलाकात गरे । वादशाहले श्री ५ लाई दिएको माल हरायो, यहां मिल्छ भने यहीं किन्छौं, मिल्दैन भने पेचिन ४ दिनको बाटो छ, तपाईंहरूका र हाम्रा मानिस पेचिन पठाऔं, चांदी हामी नै दिन्छौं; जस्ताको तस्तो माल खरीद गरी ल्याउंछन्, तालोयेले पेचिनका भारादारलाई लेखी पठाइ दिए उनले साटोमा माल पठाई दिनेछन् भनी काजीले तालोये दोभासेहरूलाई भन्दा उनले तपाईंहरूले चिन्ता गर्नु पर्दैन, हामी घोडा कुदाएर मानिस पठाउंछौं, डगाटिस्यान्का फाफुनलाई पनि लेखी पठाउंछौं । माल फेला पारी पठाइ दिनेछौं, अहिले हाम्रा भारादार पनि छैनन् भनेकाले प्रतिनिधि मण्डल पाउचिन्फुबाट हिड्यो । घांटिस्यान्मा वास पर्‍यो । भारी खोज-तलास गर्न गएका सिपाहीले मरिया नभेटेको र भारी नआएको खवर पनि ल्याए । त्यहां मुकाम गर्न असजिलो हुंदा त्यहांबाट हिडी घुण्डुस्यान्मा वासमा आए । त्यही १ दिन मुकाम गरी सारा भारी खोली जांची तालोये दोभासेहरूलाई हराएका मालको बीजक देखाई लेखाई प्रतिनिधि-मण्डल हिड्यो । माल खोज-तलास गर्नेछौं सबैतिर सूचना गर्छौं पाइनेछ भनी तालोयेले भने । ठिन्दफुसम्म आउंदा पनि माल भेटिएको थिएन र काजी सरदारले चुन्दुलाई पनि सो कुरा अवगत गराए । चुन्दुले काजीहरूलाई म लेखि पठाउंला मात्र भने। संगै आउने सेतालोये छै तालोयेसंग साफ रिसाएछन् र उनका गजुर कल्कीसमेत खोसि दिएछन् । तपाईंहरूले चुन्दुलाई यो कुरा सुनाउंदा हाम्रो वेइज्जत भयो, हराएका मालको मोल चांदी बुझि दिनुहोस् भनी तालोयेले खुरन्दार गर्न लागे । काजीहरूले चांदी बुझ्न मानेनन्, मालको मालै पाए हुन्छ भनेर । सेतालोये ठिन्दफुबाट यता आउंदा पनि आएनन् । ल्हासा आइपुगेपछि काजी सरदारले सो पहिले हराएको र पछि बाटामा दफे दफे हराएको सबै मालको तपसील खोली अम्बालाई दिए । काजी सरदार दुबै भरेपछि तालोयेले पठाएको मालको मोल चांदी बुझि देऊ, भनी दोभासेले भन्न आयो, पगरीहरूले बुझ्न मानेनन् । ल्हासामा एक दोभासे बस्यो, अर्को पगरीका साथ आयो । बाटामा तालोयेले पठाएको चांदी बुझि देऊ भनी बारंबार पेला गर्न लागेको हुंदा केरूंगमा आइपुगेपछि मै गो त चांदी बुझेर श्री ५ मा जाहेर गर्छौं, जस्तो हुकुम हुन्छ सोही माफिक गरौंला भनी २ धोजे चांदी मालको मोलबापत पगरीले बुझी ल्याए। यहां नेपाल सरकारले हराएको मालको मोल तिर्नु उचित हुंदैन भनी सो चांदी फर्काई पठाइ दियो। अम्बाले पनि गोरखामाण्डा जान्‍े पेचिनको नेपाली दफ्दयरमा बस्ने दोभासे लिकोस्यानका हात सो चांदी जसको हो उसैलाई दिनू भनी पठाइ दिए, यसरी बाटामा माल चोरिनु राम्रो कुरा होइन । यसले हाम्रो पुरानो सम्बन्धमा नराम्रो पर्न जाने हुंदा अब उप्रान्त पेचिन जाने प्रतिनिधि-मण्डलको सुरक्षा र व्यवस्थाका लागि भोटको इलाका तार्चिन्देउसम्म राम्रो प्रबन्ध गरिने छ, असल जानिफकार भारादारसाथ पठाइने पनि छ भनी आश्वासन दिएर

पत्र लेखी पठाइयो । यसपालि एउटा विशेष कुरा के भो भने, सं. १९०५ फागुन शुदि १३ रोज ४ मा वादशाहले दिई पठाएको माणिकको गजुर अरू मालसामान बुझेर श्री ५ बाट पठाइएको प्रत्युत्तरको अर्जीमा माल हराएको त्यसको वदलामा २ घोजे चाँदी पठाइ दिएको र सो चाँदी नबुझी फिर्ता गरेको काजी सरदार मरेको यी सबै कुरा लेखिएका थिए । ल्हासा पुगेपछि अम्बाहरूले हेर्दा सो कुरा लेख्नु अयोग्य जानी साविक वमोजिमको व्यहोराको भएन भनी अर्जी फिर्ता पठाइयो र यताबाट फेरि अर्को अर्जी लेखी दस्तुर व्यहोरा मिलाएर पठाइयो । यो कुरा पनि नौलो चाहिं थिएन, भीमसेन थापाका पालामा पनि अर्जी फिर्ता आएको थियो । पहिले पहिले वादशाहलाई लेख्ने व्यहोरा उतैबाट मसौदा गरेर पनि पठाइन्थ्यो काजी सरदार मर्नु पनि दैवागत कुरा भयो । यो पालि यस्तो भयो, यसको ५ वर्षपछि गएको प्रतिनिधि-मण्डलका पनि काजी सरदार बाटैमा परलोक भएका थिए ।

उपसंहार:-

जंगबहादुरका पालाका केही मूलपत्रहरू मैले प्रमाण भागमा दिएको छु । तिनको अध्ययन गर्दा यो माथिको विवरणबाट पनि जंगबहादुरले फिरंगीसंग मिलेर पेचिनसंगको सम्बन्ध विच्छेद गरेर सं.१९०४ मा प्रतिनिधि-मण्डल पेचिन पठाएनन् भन्ने कुरा कल्पित ठहरिन्छ । जंगबहादुरले झन् चीनसंग सम्बन्ध मजबूत पार्न खोजेको स्पष्ट छ । केवल उनले पेचिनबाट धनद्रव्य वा फौज ल्याएर फिरंगीसंग लडेर गुमेका प्रदेश फिर्ता लिने सपना चाहिं देखेनन्। वरू दश हजार पल्टन लिएर आफैं चीनमा उपस्थित भएर एक लाख चीनी विद्रोही दवाउन हिम्मत राखेर श्री ५ द्वारा अर्जी पठाएका थिए । मलै, वादशाहबाट यो अर्जीमा लेखे-मुताविक जंगबहादुर र उनका नेपाली फौजलाई दु:ख दिने कुरा भएन, तिमीहरूलाई ५ वर्षमा प्रतिनिधि-मण्डलको सानो दल पठाउन त त्यत्रो हैरान छ, झन त्यत्रो फौज ल्याउन तकलीफ होला प्रतिकूल हावापानी विकट घाटजघाँर कष्ट होला भनी मेहेरै राखियो । सं. १९१४ मा भारतमा अंग्रेजविरूद्ध विद्रोह उठ्यो, पेचिनमा पठाए जस्तै ब्रिटिश सरकारलाई सहयोग दिने इच्छा व्यक्त गरी पत्र पठाइयो । उसले त्यसको आवश्यक महशूस गर्‍यो । जंगबहादुर गोरखाली फौज लिएर आफैं भारतीय भूमिमा उत्रे र विद्रोहीलाई दवाएर ब्रिटिशको विश्वास प्राप्त गरे । आफ्ना गुमेका देश फिर्ता गर्ने माग पेश गरेर केही मात्रामा भए पनि आफ्ना माग पुरा पारे । उता १० हजार नेपाली फौज लिएर आफैं गई विद्रोह दवाई वादशाहको खैरख्वाही गरेबापत वादशाहबाट स्यावासी पाएका जंगबहादुरले सोही फौजले नेपाली रैतीमाथि अत्याचार गरेबापत भोटमा आक्रमण गरेर आफ्नो टेक कायम राखे, नेपालको मानप्रतिष्ठा पनि कायम गरे । नेपालीको यो प्रतिष्ठा भोटमा एक शय वर्षसम्म कायम नै रह्यो ।

## प्रमाणको लागि केही मूलपत्रहरू -

### जुवाफ

तौंक्वाङ्‌ २६ साल पौष महीनाका दिन २१ जांदा लेषियाको आफुहरूको पत्र माघ महिनाका दिन १६ जांदा आइपुग्यो. अर्थ मालुम भयो, आफुका राज्यबाट केरुङमा पठायाका काजी भोटको छांजोय लावाङ्‌ गोनवोसंग वसी सोधि मारूको छोरा स्याम कृस्न मन्याको कामको बिहोरामा यो बिहोरा यसो गरि छिन्यूं बुझि वक्स्या जावस्‌ भनि विंति गरि पठायाका अर्थ र मैले यसो विचार गरि हेर्दा त्यो छांजोयेहरूले मतो गरि यो विस्तार रीतमा मिल्दो रहेछ, गोर्षाका नेवारहरू पनि षुसि भयाछन्‌ दोहरो कागज लेषि आयाछन्, त्यो मारूको चोरियाको माल सबै मारादारहरूले सट्टा दिमारूले लियेछ, मारूले पाञा भनि मुचुल्का लेषिदियेछ, परंतु यसबापतमा केहि कुरा हुन्या छैन, तसर्थ काजी केरुङ्‌मा रहेनछन्‌ र ढिलो हुनजाला भनि भंदा यसोगरि छिनु हुंछ चाडोमान्नु काम गर्नु भन्या विस्तार लेष्नु भयाका अर्थ बढियालेषि आयेछ, येहि विस्तार हाम्रा केरुङ्‌मा पठायाका काजी सरदार आइ हाम्रा हजूरमा विन्ति गऱ्या, मारूको छोरा स्यामकृस्न मन्याको व्यहो-रामा मुख्य चोर अगावैं आफैं मऱ्यापछि यसको मतियार पासालाई जोगऱ्यां सासना मै केरुंगफुगाबाट निकाला मै सदा कैयदमा राषि मारूको चोरियाका मालको विगो भराइ छिंन्या काम बहुत बढिया भयेछ, यस कुरामा जस्ताको तस्तो निसाफ भयो भनि हाम्रा केरुङमा रहन्या नेवार महाजन सबैजना षुसि राजि भयाका छन्‌ बांकि -- का हजूरमा पांच वर्षको मामुली सौगात चह्राउन आउन्या वेला भयो मामूली वमोजीम सबै कुराको ताकिति गर्नु भन्या ७।८ महिना अघि आफुहरूबाट अर्ति सिक्या लेषि आउथ्यो यस पटक केहि लेषिनआउदा लेषी आउला भन्या पाठले रह्याका थिम्यूं आजसम्म केहि लेषी नआउदा र दिन थोरै रहन जांदा मूलिकन हो कि कसो भयेर आयेन भन्या हाम्रा मनमा संदेह भयो र विंति गरि पठायाको हो अवर सम्बत्‌ १६०४ सालका असार मैन्हामा --- का हजूरमा अर्जि सौगात ली काजि सदारहरूलाई आहाबाट विदा गरि पठाउनु पर्न्या पाच वर्षको मामुलीको अब पाच महिना बाकि छ पांच मैन्हा पुग्यापछि सदाका रीत वमोजिम काजि सदारहरूलाई षटाइ पठाउन्या काम गरौंला, यस कुराको अर्ति सिक्षा आफुहरूबाट लेषी आया बढिया होला इति सम्वत १६०३ साल फागुन वदि ४ रोज ५ मुकाम कान्तिपुर सुभम्‌ --- ।

जुवाप्

तौक्काह० २७ सालका फागुन महिनाका दिन १८ जांदा लेष्यीयाको आफुहरूको पत्र चैत्र महिनाका दिन --- जांदा आइपुग्यो अर्थ मालुम भयो, आफुले सौगात चह्राउंदा मुष्ठ पेटले यकत्व भै मनको भाव गरि यो ठुलो दस्तुर हो, हामि ताठिनले सदा समझ्याकै छ कसो गरि मुलौला भन्या र काम कुरा गर्नु पर्न्यामा पनि उर्दि पाया मात्र, काम गर्छौंकी यसो हेर्दा आफु येक मुलुकका राजा हौ, भंभदा पनि आफु चतुर किन्दाणा छौ आफुलाई ..... को ठुलो मेहेर भयाको हो, काम कुरा गर्दा, चित्तले विस्तार बुझि गर्न्या देष्णी, तव आफुले भाव गर्न्याको, जाहेर होला, हामि ताठीनले आउनु भनि, चिठि पठाया देष्णी.आफुले मनका भाव संग.गर्न्याको व्यर्थ हो.तसर्थ हामि ताठिन्.अधीका जस्तो गरि. काम गर्दैनौं.आज आफुबाट लेष्णी आयाको भन्या ताहाको अर्ति सिक्षा आया यसो हेर्दा आफु पिछा परि मानि.रहृयाको देष्णता.हामि षुसि हर्ष भञ्यू.आफु वाडठ्बाट रीत वमोजीम जांची.छानि दस्तुर जान्या.भलामानीस काजीहरू ठिक वेलामा ल्हासामा आउनु. हामि ताठिन् मार्फत् गरौंला अधीका रीत वमोजिम् सौगात काजीहरूको नाम नमीसि अगावै लेष्णी पठाउनु र याहांवाट लिन आउन्या मानिस षटाउंला.याहावाट षटायाका छांजीम लावागौंवु ल्हासा आउदा.काजि सुरथसिं पंथ र सर्दार रणगंज कार्किहरूले छिंताठिन् लाई चह्रायांका षुकुरी १ मुज्याली १ मनका भावसंग चह्रायाको रहेछ भं छिंताठिन् कसैले चह्रायाका पनि लिन्न.फिराइ पठायाको छ.मैले लियाको बरोवर भयो.भ छिंताठिन्ले वक्सी पठायाको छुरि २ थैली जोडा २ आफुबाट काजी सर्दारलाई दिनु होला भनि लेष्नु भयाका अर्थ.हामि ताठिन्ले आउनु भनि चिठी पठायादेष्णी आफुले मनका भावसंग गर्न्याको व्यर्थ हो.भन्या विस्तार.सो अर्ति सिक्षालेष्णी आउदा.हाम्रा मनमा वहुतै षुसि हर्ष भयो.अव देष्णी आफुहरूकै अर्ति सिक्षा वमोजीम गरौंला अधीका रित वमोजीम जांची छानी दस्तुर जान्या भलामानिस्.ठिक वेलामा ल्हासामा आउनु भन्या र सौगात काजीहरूको नाम नमेसी. अगावै लेष्णी पठाउनु भनी अर्ति सिक्षा आयाका कुरालाई टाढा देस मध्येस बाट मगाउन्या चिज मगाइ.हाम्रा मुलुकमा भयाको चिज तयार गरि राष्याको छ.असारमहिनामा याहाबाट हिडाइ अधीका रीत वमोजीम ताहा पुगन्या गरि विदा गरौंला.पेचीन पुगी..... का दर्सन. दंडवत्.गर्न जान्या अधीका रीत वमोजीम.काजि सर्दार षर्दार.भला मानीसहरूको नाम नमेसी. फर्द लेष्णी.सुसायतमा.याहाबाट हिडछन् भनि.अगावै आफुहरू केउ पठाउला मानिस वेस वेस अधिकै रीत वमोजीम हुनन्.केहृ.जान्या काजी सर्दारले आफुहरूलाई चह्राइ पठायाको षुकुरि १ मुज्याली १ लिन्या दस्तुर छैन भनि, फिर्ता गरि, पठाउनु भयाको.आइपुग्यो.आफुबाट पठाउनु भयाको छुरि २ थैली जोडा २ समेत् काजी सर्दारलाई सौंपि दिन्या काम गरियो. याहाका अर्थलाई.....का हजुरमा हाम्रा बोल विन्तिको बाटो अघि पनि ल्हा(सा) बस्न्या अम्बाहरू हुनु.आज पनि आफुहरू हुनु हुंछ.....का हजुरमा हामि सरिया हुन्या काम आफु-हरूकै दयाले हुन्या छ इति सम्वत् १९०३ साल चैत्र सुदि १३ रोज ७ शुमम्..............

श्री ५ वादशाहका हजूरमा
श्री ५ सर्कारबाट अर्जि ।

उप्रान्त.....का मेहरवानगीले रजाग्नीको काजकाम आजसम्म श्री बुबाज्यूले गर्नु हुन्थ्यो.यो गयाको साल कार्तिक महिनामा हामीहरूको श्री काशि भन्याको बडो तिर्थ हो.यो तिर्थ गर्नाको अधि देष्षी मेरा चित्तमा थियो. तिमि बालष्ण हुनाले आजसम्म उसै रहन गयो. अबर तिमि उमेरमा पनि ठुला भयौं.राजकाज सबै काम कुराको सलुतनत् गर्न समर्थ भयौं.म तिर्थबाट चाँडै फिरौंला म तिर्थबाट नआउंजी मेरा मर मुलुकको राजकाज गर्नु भनि मलाई हुकुम दि सम्वत् १८०३ साल कार्तिक महिनाका दिन २६ जांदाको सायेत गरि चाडै माघ महिनामा फिरूंला भनि श्री काशी तिर्थ गर्नालाई जानु भयोथ्यो.सम्वत् १६०४ साल जेठ महिना सम्ममा पनि बिराना मुलुक मध्येसमा बस्नु भै याहां नेपालमा आउनु भयेन. बाहिर बस्नु भै मेरा ज्येष्ट पुत्र श्री महाराजाधिराजका गाथ॰ गादिको सोफो गर भन्या हाम्रा बजीर फौजका नाउमा हुकुमको लालमोहर आउदा मेरो मनसुवा भन्या श्री बुबाज्यूको ज्यू छँदै गादिमा बस्न मन थियेन.हजुरको सोफो गर्नु भन्या हामि सबै बजीर फौंज उमरावहरूका नाउमा हुकुमको लालमोहर आयापछि हजूरले गादिमा नबसि हुंदैन.गादिमा बस्नु पर्छ भनि हाम्रा यांहाका बजीर मर-भारादार फौंज उमराव दुनिञा प्रजा प्राणिहरू सबैले बिन्ति गर्दा सम्वत् १६०४ साल प्रथमज्येष्ठ वदि १३ रोज ४ का दिन सुसायेतमा श्री बुबाज्यूका गादिमा बस्यां राज्याभिषेक भयो. श्रीबुबाज्यूबाट.....को टहल जस्तातरह संग हुन्थ्यो तेस्तै तरह संग मुषपेट एकत्व गरि हात जोरि.....का टहलमा हाजीर हुंला.म भन्या बालष्ण छु.जान्या नजान्या ठाउमा क्षमा माफ होला श्री सुरेन्द्र विक्रम साह मेरो सेवक हो भनि दया करूणा संग बारंबार अर्ति उपदेस बकसदै रह्या मेरो उद्धार हुन्या छ.इति सम्वत् १८०४ साल मिति द्वितिय ज्येष्ठ सुदि १३ रोज ७ सुभम्.................
पत्रचिंन्ह तास थान १

५ वर्षको मामुली श्री ५ वादशाहको हजूरमा
अर्जि चढाइपठायाको ।

अर्जि

उप्रान्त आका(श) समान.....का हजूरमा अर्जि सौगात चढाइ दर्सन डंडवत गर्न काजि भारा पठाउन्या वर्ष यहि हो हाम्रा देश पाहाडमा हुन्याचिज यांहा षोजी यांहा नहुन्या टाढा देसबाट फिकाउनु पन्र्या चीज मध्येसवाट फिकाइ मनका भावले अधिका रीत वमोजिम सबथोक तयार गरि ल्हासा बसन्या अम्बाहरूका अर्ति-सिदा माफिक पेचिन.....का हजूरमा पुगि अर्जि सौगात चढाइ दर्सन डंडवत गरि आउनु भनि अढाइ काजी सुरत सिं पंथ सर्दार अहिवर्ण बसन्यात सर्दार सुवेदार दोभास्या अरू चाहिया माफिक भलामानिसलाई आहावाट विदा गरि पठाउंन्यू हाम्रा दुष्ष दर्दको बोलबिन्ति गन्र्या बाटो अघि पनि ल्हासा बसन्या अम्बाहरू हुन्.आज पनि पेचीन देषी टाढा भयाको पाहाड मुलुक सानु राज्यमा बसन्या दस्तुर न जान्या हामि बालषलाई पन्याका दुषदर्दको बोल विन्ति ल्हासाका अम्बाहरूबाट.....का हजूरमा जाहेर होला हाम्रा पुर्षाहरू पनि.....का सरन पिछा परि मानि रह्याका हुन् हामी पनि मुषपेटले एकत्व मै मानि.....का सरण पिछामा परि रह्याका छौं.टाढा मुलुकमा बसि टहल गन्र्या म बालष माथि गोर्षा भन्याको मेरो सेवक हो भनि.....बाट मेहरवानगीको नजर बक्सनु भया पन्याको दुष छुट्ला पछि पर्यंत जुग जुग सम्म सरिया रहि टहल गरौंला इति सम्वत् १६०४ साल मिति द्वि.जेष्ठ सुदि १३ रोज २ सुभम्..........,...

अर्जिमा पत्रचिन्ह

| | | | |
|---|---|---|---|
| मुगाका माला १ के दाना १०६ तोला ४३।५ | | सुनौला तास थान | - २ |
| किनष्षाव थान | २० | रंगरंगका वनातवस्ता | - २० |
| सुर्मैदोरूषा वनात वस्ता | १ | बुट्टेदार गलेता थान | - ४ |
| कोठि देषी.मोहरि सम्म सुनौला तारकसी तोडेवालबंदुक | २ | सुनका मोलम्बा तावाका कवुजोको षिर्कंठी तरवार | - ४ |
| सुनौला तार कसि पाना सुनौला मोलम्बा तार कसिको कोठी कटार | २ | औं काजो कोथी हाती दातका रंगीन बिड कर्द २।२ समेत षुकुरी | - ४ |

| | |
|---|---|
| केपवाला मैसराजाम दुइनाल्या | |
| संदुकी बंदुक | १ |
| गैंडाका षाग | २ |
| ठुला हाति दात | ४ |
| जायफल गोटा | १०००, |
| अं षुडा | २ |
| दखनिनी सुपारि धार्नि | ६ |
| जाहाजी सुपारि धार्नि | १० |
| लवांग धार्नि | ६ |
| दालचिनि धार्नि | ५ |

## ल्हासाका अम्बा २ बाट आयाको

उप्रान्त अस्ति गादिमा राज गर्‍यौं भनी बिन्ति गरि पठायाको चिठ्ठि र सौंगातसमेत अगावै तयार गरी राष्याको छ जांचि षटायाको काजिहरू आषाढ मैन्हाका १४ दिन जांदा विदा गरि कुतिको बाटो ल्हासा पुग्न्या काम गरौंला भन्याको र आफुले बिन्ती गर्‍याको बुबाज्युका गादिमा राज गर्‍या र बुबाज्यू कासिबाट फर्नु भयेन बाहिरबाट राज्येमा चिठि आउंदा गादी बक्सी भर मुलुकको काजकाम गर्नु भंदा नगरि भयन जेष्ट वदि १३ का दिन गादीमा बस्यां कामकाज गरूंला फेरि.....का हजुरमा जाहेर हुन्या आफु र अम्बाहरूकै मेहेर दयाले हुन्याछ भंदा हामि ताठिनले विचार गर्दा सौंगात चढाउंदा एकत्वमै आफु गादिमा बस्याको र पिछा परि रह्याको हामी ताठिं २ ले षटायाका लिन आउन्या भारदार कैल्हे आफुका राज्येका काजिहरू आहा पुगि सौंगातको अर्जि चढाइ हामी ताठीन २ ले हेरौंला र मिल्दो रहेछ भन्या चांडो चांडो हामि मार्फत गरौंला बांकि जेष्ट पुत्र आफुलाई गादि वकस्यापछि बुबाज्यूको हुकुम मानि काम गर्नु बुझि आफुको राज्येले पिछा परि मानि रह्याका छौं आफुले पनि यकचित्त एक मन गरी पिछा परि रहनु.हामि ताठिनले मार्फत गरि विन्ती गर्‍या देषि.....बाट सुंनु भया ठुलो षुसि भै हर्ष भयो आफुले चिठिमा लेष्याको काजिहरू ल्हासा पुगि आफु छेउ दुष दर्द मुष जमानि विस्तार बिन्ती गरि अर्जी सिदा वचन लि हामि ताठिन याहां आइ विचार गर्दा आफुका बुबाज्यूले बारंबार बिन्ती गर्दा यांहाबाट विस्तार लेषि पठायाको चिठि सबै हुन्यै छन्.आफुले अघि सबै बुझ्याकै होला आजकाल फेरि मुषाजमान दुष दर्द बिन्ती गर्नन् भन्या अर्थ मिल्दो छ नमिल्दो हामिलाई याद छैन सौंगात चढाउनु र गादिमा राज गर्‍याको विस्तार हामि ताठिनले सर्ब्वथामार्फत बिन्ती गर्ण सकियन हामि ताठिन र आफुबाड० ता मंत्री जस्ता छौं आफुले भन्याको मिल्दो कुरा भया हामि र आफु मंत्रि र मित्र जस्ता हुन् हामि ताठिन क्यान मार्फत बिन्ति न गरौंला एसो भन्या नमिल्दो कुरा भया हामि ताठिनलाई पनि जस कृर्ति नमै नास्ति अर्काका कुराको जिम्मा लिया आफ्नै जेस कृर्ति नमै नास हुंछ.यो विस्तार २ आफुले बुझनु होला तसर्थ यो चिठि पठायाको हो आफुको कुशल दाम चाहिन्छ इति तौक्वाड० २७ सालका जेष्ट मैन्हाका दिन २५ जांदा मुकाम ल्हासायामं शुभम्...

...

## ल्हासा अम्बा २ ले पठायाको

उप्रान्त अस्ति आफुवाडठ्‌बाट २ फलट पठायाको चिठि आहा आइपुग्यो हेरि विस्तार बुझ्यौं आफुवाडठ्‌वाट पैचिन जान्या काजिहरूलाई पठाई दियाका चिठिमा सेतो कपडाको पोका २ पनि हामि ताठिनले काग्न थपि कुलुप मारि आहा बाट स्ठान मन्या को सहर श्री चुं थुं वुधाङठ्‌ अम्बाछेउ पठाई दिञुं काजिहरूले जांचि लिनु होला बांकि आफुवाडठ्‌ले बिंति गऱ्याका चिठिमा मन्या केरूं र कुति २ साधमा मोतको फुपुले जगात लियाको रित वमोजिम नमानि बढता ढेरै लिंछन्‌ भनि विस्तार लेष्याको रहेछ यसो मया पैचिन्‌ जान्या काजि सुरथ सिं पैथहरू ल्हासामा पुग्न्या बित्तिकै बिंति गऱ्याका दिन हामि ताठिनले चिठि लेषि पठायाको छ केरूं र कुति २ साधमा बस्न्या फुपुहरूलाई ल्हासामा झिकि सास्ति सासना गरौंला भनि राष्याको छ. यै काम गरि सक्यापछि आफुवाडठ्‌ लाई चिठि लेषि पठाउला फेर ल्हासामा बेपार गर्न्या कस्मेरि मुसलमानको कामकाज आफुवाडठ्‌को नायकले गर्नु पर्न्या हो भनि चिन जान्या काजिहरू फर्कि आहा आइपुग्या पछि यो काम गरियेला बांकि नायेक रामसुन्दर आहा नाइक्या गरि बस्याको ढेरै वर्ष मयो भनि नेपालमा झिकायाको रहेछ यो कुरा बढिया लेषानुभयाको रहेछ यो साल माघ महिनाका दिन ५ जांदा आफुवाडठ्‌ले विंति गऱ्याका चिठिमा मन्या श्री जेठा रानिलाई पुत्र जनम्या पाञुं भनि हामि ताठिन पनि बडा षुसि हर्ष भञु.....का हजुरमा बिंतिको अर्जि पठाउला अघि पछिको कुरा पनि सबै विस्तार लेषि आफुवाडठ्‌लाई चिठि पठाई दिउला. बुझनु होला. फेर आफुवाडठ्‌को षुसिनामाको बेस गरि बढिया होला तसर्थ यो चिठि पठायाको हो आफुवाडठ्‌को कुसलदाम चाहिंछ इति तौक्वाडठ्‌ २७ सालका १२ मैन्हाका दिन १२ जांदा ल्हासायामं सुमम्‌.....।

## अम्बाके यांहाबाट मात्र गयाको

अम्बाके

उप्रान्त ताहा ल्हासामा हाम्रा ञाहाका नेवार महाजनहरूका बंद बेपारका निमित्त बत्तिस-कोठि अघीदेषी रह्याका छन्.सो आफुहरूलाई जाहेरै छ.इनै बत्तिसकोठिमध्ये येक कोठी बंद बेपारका निमित्त हाम्रा सर्कारका तरफबाट येक भला आदमी  पठाई ताहां ल्हासामा येक कोठी रहन गया ताहां आफुहरूलाई चाह भयाको हाम्रा ञाहाको चिज ताहां आफुहरू-लाई र ञाहा हामिलाई चाहिन्या ताहांको चिज पुन्याउदै रह्ला भन्या पाठले नेवार महाजन्बाहिक् येक भला आदमी महाजनलाई ठेगाना गरि राष्याको छ.२।४ महिनापछि यांहाबाट पठाउन्या छौं तस्निमित्त अगावै यो कुरा आफुहरूकेउ बिंति गरि पठायाको हो, येस कुरामा हामिमाथी दया राषी सिदा अर्ति लेषी आया बढिया होला.औ पेचिन जान्या काजी सर्दारका नाउको सेता कपडाले मोह्र्याको चिठिको पोका १ पठायाको छ दया राषी यो चिठि काजिहरूकेउ पुगन्या पाठ गरि दिनु भया बढिया होला.हाम्रा बोल बिन्तिको बाटो अघी पनि ल्हासा बस्या अम्बाहरू हुन् आज पनि आफुहरू हुनुहुंछ इति सं.१९०५ सा.आषाड वदि ६ रोज शुभम्.....

जुवाप

तोक्वाङ् २८ साल ५ महिनाका दिन ७ जांदा लेषियाको आफुहरूको पत्र आषाढ महिनाका दिन १७ जांदा आइपुग्यो, अर्थ मालुम भयो, उप्रान्त तोक्वाङ् २८ सालका ४ महिनाका १६ जांदा सठुवा सहर भन्याको श्रीचुंधु उंथाङ् छिअम्बा बाट पठाई दियाको चिठि ल्हासा आइपुग्यो चिठिमा लेष्याको येस पटक चिन जान्या काजीहरू ढिलो भै, फागुन महिनाका १६ दिन जादा पैचिनमा आइपुग्या हुकुम भै फागुनका १६ दिनमा वादशाह सवारिमा वैढा(ढा)उनु हुंदा काजीहरूले वादशाहको दर्शन दंडवत् गन्यापछि अघीका रीतसित काजी सर्दार दुवै जनालाई अगलो पर्वतमा पानी षोला बग्याका ठाउमा बसाइ भोज षुवाइ अघीका रीतसंग जो भयाको कामकाज गरि फागुन महिनाका १६ दिनमा वादशाह का हुकुम भै गोर्षा वाङ्लाई नयां गादिमा राज गर्नु हुंदा मान बक्साको मानिकको गजूर लाउनुहुंछ काजी सर्दार दुवै जनालाई गजूर र कल्की वक्स्याको छ भन्या रहेछ, आफु वाङ्ले आज उप्रान्त, मानिकको गजूर लाउनुहुंछ, आफु वाङ्ले येक चित्त येक मन गरि वादशाह को दया मेहर समझि अघिभंदा सरण पिछा परि रह्याका छौं, आफु वाङ्का काजीहरू र सांध सिवानाका राजासंग मिली जुली रहनु, प्रजाप्राणिलाई माया गरि सुष आनन्द दि राषनु, आफुवाङ्ले मनको भाव गरि वादशाह का हजुरमा दया मेहर भयो भनि बिन्ति गरि अर्जी लेषी तासांमा हाली पठाउनु, हामि ताठिनमार्फत गरि वादशाह का हजुरमा चढाई पठाउला भनि लेषनु भयाका अर्थ बढिया लेषि आयेछ पैचीन जान्या काजी सर्दारहरूबाटामा आरामसंग पैचीन पुगी वादशाह को दर्सन दंडवत गरि अघीका रीतवमोजिम भोज षुवाइ काजी सर्दारलाई मान बक्स्याको गजूर कल्की पायाको र हामिलाई नयां गादिमा राज गर्दा वादशाह बाट मान बक्स्याको मानिकको मजूर लाउनुहुंछ भन्या यो षावर आफुहरूबाट लेषि आउदा हामिलाई वादशाह बाट ठूलो मेहेर भयेछ, भन्या हाम्रा मनमा बहुतै हर्ष भयो वादशाह बाट मानवक्स्याका गजूर लगाई वादशाह का हजूरमा दया मेहेर भयो भन्या व्यहोराको अर्जी लेषी आफुहरूमार्फत् चढाइ पठाउला आफुहरूका अर्ति शिक्षा वमोजीम पर्जा प्राणिलाई पनि माया गरि सुष आनन्द दी राष्याको छ आफ्ना मंत्री र सांध सिवानाका राजाहरूसंग पनि मिली जुली रह्याका छौं, हाम्रा बोल बितिको बाटो अघि पनि ल्हासा बस्न्या अम्बाहरू हुन् आज पनि आफुहरू हुनुहुंछ इति सम्वत् १६०५ साल मिति आषाढ सुदि ४ रोज ३ शुभम्..........

## ल्हासा अम्बा १ को पठायाको

उप्रान्त हामि ताठिन्लाई तौक्काड० २८ सालका ८ मैन्हाका दिन २७ जांदा श्री सथ्वाड० चुंटुं वुठाड० श्रीछि अम्बाबाट पठायाको चिठि आहा ल्हासा आइपुग्यो चिठिमा मन्या श्री सथ्वाड० ङ्यानुठाधु मन्याको नाम् टाडःचिंसिनुले यो चिठिमा विचार गर्दा सिंचिन्स्यान् सहरमा बस्याका टिस्यान् मन्याको यस्को नाम हुंइ ठीन् सिउले विन्ति गऱ्याको अर्जि चढ्रा-याको हो तौक्वाइ. २८ सालका ५ मैन्हाका दिन ३० जांदा गोर्षाको चिनिआको दोमास्या मासिञ्यून् र लिकोस्याइ्हरूले बिंति गऱ्याको अर्जिमा चिनिआ अदार पढ्न्या गोर्षा सिदा रामनारान्को उमेर २६ वर्ष भयो चिनजाइफर्कि आउंदा औलाका बेथा लागिन् र उपाय केहि नलागदा यो ५ मैन्हाका दिन २६ मा सिन् सहरमा पुग्या र मोली सवेरै रामनारान् मऱ्या र उचि बित्तकै सेतो कपडाले बांधी गोर्षाका दस्तुर गरि संस्कार गऱ्याका हो भनी लेषी रहेछ हामि ताठिन्ले विचार गर्दा यो रामनारान् अघि तौक्वाड० २३ सालमा अघि आफु वाइ०का बुबाज्यूले षटाई पठायाको ल्हासा आइ सिदा चिनिआ अदार कुरा सिक्ना-कन पोरका सालमा चिन जान्या काजीहरू संग षटाई अर्जि सौगात पुऱ्याउन गयाको हो. अब पैचिन बाट फर्कि आउंदा रामनारान् मऱ्या र काजिहरू संग हुंदा गोर्षाको दस्तुर गरि सक्यो, अरू केहि काम रहेन छ-तसर्थ यो चिठि पठायाको हो, आफु वाइ०को कुशल दाम चाहिंछ इति तौक्काड० २८ सालका ६ मैन्हाका दिन ४ जादा ल्हासा यामुन शुमम्.......

(फट्केमा) चिनीआ अदार पऱ्हे जान्या रामनारान् मऱ्याको षवर ।

## लहासा अम्बा १ ले पठायाको

उप्रान्त तौंक्वाङ० २८ सालका ६ महिनाका दिन ४ जांदा आफु वाङ०ले बिन्ति गरि पठायाका २ चिठि आहा लहासा आइपुग्यो चिठिमा भन्या षटाइ पठायाको कामकाज जान्या बेस गरि भला मानिसहरूलाई केरूङ० सांध सिवानामा वादशाह का पर्मांना बक्सीस दियाको पठाइ लिन आउछन्, फेरि उनै काजि सुरसिं पथहरूले अघि आफुवाङ०लाई बिन्ति गरि पठायाको चिठि चढाइ सेतो कपडाको पोका २ जाचि लिनु भयो होला अब आफु वाङ०ले पठाइ दियाको सेतो कपडाको पोको १ चिन जान्या काजीहरूलाई मार्फत दिनु होला भनि लेषिरहेछ, हामि ताठिन्ले विचार गर्दा उन काजीहरू यो ६ मैन्हाका २० दिनमा आहा लहासा ठिक आइ पुग्यापछि आफुवाङ०ले पठायाको चिठि काजिहरूलाई दिउला जांचि लिनु होला बांकी काजीहरू थकाइ मारि केहि दिन आहा बसाई वादशाहका इनाम बक्स्यको चीजबीज भारि पोका बेस गरि बनाइ बढिया गरि भोज षुवाइ बक्सीस दी पछिसम्म बिर्तिकै चिनिआ भारादार र भोटका भारादारहरूलाई षटाइ केरूङ० सांध सिवानामा पुन्याउन पठाउला हामि ताठिन्ले बक्सीस दियाको आफु वाङ० र कामकाज गर्न्या काजिहरूलाई चिजविज दि उनि काजीहरू लहासा आइ पुग्दा हातमा सौंपी दी पठाउला आहाबाट फर्की आउदा विस्तार अह्राइ सिकाइ दी पठायाको हो फेर जो भयाको हामि ताठिनले पोरका सालमा पोतलाबाट षटायाका नेपाल बुद्धमा चुन लाउन आउन्या चिटुङ० छुठिन् बसि भन्याको हस्ते सौंपि पठायाको बक्सीस कोचिन् चिजबिज आफुवाङ०ले जांचि लिनु पायो कि पायेनन्. अब उनि चिटुङ० आहा लहासामा फर्कि आइ-पुग्दा आफुवाङ०को चिठि केहि लेष्याको नहुदा त्यो चिजविज आफु वाङ०ले पायो कि पायेन भनि अहोविधि-विस्तार हामि ताठिन्ले विचार गर्छु तसर्थ यो चिठि पठायाको हो, आफु वाङ०को कुशल क्षाम चाहिंछ इति तौंक्वाङ० २८ सालका ६ महिनाका दिन १३ जादा लहासा यामन शुभम्.....................

लहासाका अम्बा २ ले पठायाको

उप्रान्त आफुवाङ्ले पोरका सालमा षटायाको काजी सुरथसिं पंथहरूले पेचिन जाई.....का दर्सन दण्डवत् गरि काम सक्यो र फर्काई अब याहा लहासा आइ पुग्यो हामि ताठिन् २ छेउ दर्सन गरि विस्तार कुरा भन्या यसपल्ट पेचिन गया र.......का दर्शन दण्डवत गर्नु .....का हजूरमा मेहर दयाले दर्शन ढेरै पाञ्यू.....का मेहर दया समफि बेस गरि रहयाका छौ फेरि आउदा जादा ठुलाक भरिया घोडा षानापिउनाको समेत तयार गरि चिनिञाका भारदारले बाटामा हिडि संभार सह्यार बेस गरि गर्नु बाटोमा हिड्दा सुष आनन्द पायो भनि रहेछ, आफुवाङ्ले यो कुरा सुन्दा बहुतै षुसीहर्ष होला हामि ताठिन् २ ले समफि उनै काजिहरू टाढा बाटामा हिडि आउदा दुष भयो थकाई मारि केहि दिन आहा बसाई .....का इनाम बक्सीस चीज भारि पोका बनाई समेत बेस गरिगर्नु पछि यो १० मैन्हाका दिन १३ जादा षटायाको चिनियाका भारदार र भोटका भारदारहरूलाई आहा लहासा देषि बाटामा हिडि पुन्याउन पठाउला आफुवाङ्ले.....का पर्वानी इनाम बक्स्याको चिज लिन पाञ्यू अघीका रीत वमोजिम.....का हजूरमा अर्जिलेषि बेस गरि गर्नु अगाबै आफुवाङ्लाई यो चिठि पठाई पुग्या पछि पर्तुसम्म उनै काजीहरू नेपालमा फर्कि आइ-पुगनि विन्तिकै.....का हजुरमा विन्ति गरि चह्रायाको अर्जि लेष्याको अघीका रीत वमो-जीम् संदुकमा वेसगरि तासाममा हाली आहा लहासा पठायाको हो हामि ताठिनले मार्फत गरि.....का हजूरमा विन्ति गरि अर्जि चह्राइ पठायाको रहेछ.फेरि हामि ताठिनले विस्तार बुफदा काजि सुरत सिंह पंथहरूले बहुतै काम जान्या बाटामा हिडि बेसगरि बुफन्या बढिया रहेछ आफुवाङ्ले षटायाका भला मानिस बहुतै काम जान्या बेस गरि बुफन्या हामि ताठिनले बहुतै षुसी हर्ष भयो अब हामि ताठिनले चिन जान्या काजि सुरतसिं पंथ-हरूलाई हातमा सौंपि बक्सिस दियाको आफुवाङ्लाई माङ्त्वाङ् कुचिन थान २ ताल्वान कुचिन थान २ पालान भन्याको कुचिन थान १ थैली जोडा ४ कुरि २ आफुवाङ्ले जाचि लिनु होला बाहिक आफुवाङ्का काज काम गन्यो काजिहरूलाई बक्स्याको सबै चिज चिन जान्या काजि सुरतसिं पंथहरूलाई हातमा सौंपि दि पठायाको हो.पछि सम्म.....का मेहर दया समफि अघी भंदा बेस गरि काम काज गन्यो काजिहरू साथ सिवानामा राजाहरूसंग मिलि जुलि बस्नु प्रजा प्राणिलाई माया गरि सुषादि राषनु यसो गन्या सदा सर्वदा जुग-जुग सम्म.....का मेहर दयाले सुष आनन्द हुन्या छ बाकी सर्दार अहिवर्ण बस्न्यात बुढा भयो बेठा ढेरै छ.चिनबाट फर्कि आउदा लुङ्मारि भन्याको देस पुग्दा बहुतै बेठा लाग्यो र बहुतै दुष पाइ लहासा आइ पुग्यापछि मेरा जिउको आराम होला भन्या सुर गरि काजी-

सँगै नेपाल जाउला भनि केहि दिन बसि उपाया गर्दा केहि नलागदा सर्दार मुक्त भयो भनि उनै काजि सुरथ सिं पंथहरूले विन्ति गरि पठायाको अर्जिको पोका १ हामि ताठिनको चिठि सँगै आफुवाड०्लाई पठायाको छ यो चिठि नेपाल पुग्दा आफुवाड०्ले विस्तार बुझनु होला तसर्थ यो चिठि पठायाको हो. आफुवाड०्को कुशल दाम चाहिंछ. इति तौक्वाड० २८ सालका १० महिनाका दिन १३ जादा ल्हासा यामन शुभम्.......... बाहिक सेतो कपडाको चिठिको पोका यक जाचि लिनु होला ।

लहासाका अम्बा २ ले पठायाको (काजि सुरत
सिं पन्थको मुक्तिको षवरको पत्रको उत्तर)

जुवाप

तौक्वाङ्० २८ साल मंसीर महिनाका दिन ४ जादा लेष्याको आफुहरूको पत्र पौष महिनाका दिन ६ जादा आइपुग्यो अर्थ मालुम भयो. उप्रान्त काजी सुरतसिं पंथ ल्हासाबाट हिड्न्या वषतमा आकास चलीको वहुतै व्यथा लागी कुरा केहि नबोल्दा यो कुरा हामि ताठिनले सुनि वैद्यहरूले रोग ठहराई ठेगाना गर्दा यस रोगको उपाय केहि नलागदा १० मैन्हाका २७ दिन जादा काजी सुरतसिं पंथ मुक्त भया. गोर्षाका रीत वमोजीमसंस्कार गर्‍या यति काम सकनि बिन्तिकं काजीका छोरा र आठ पगरिहरूलाई चिनिया भारादार भोटका भारादार गोर्षाको कुरा जान्या दोभास्या षटाई ११ महिनाका दिन ३ जादा ल्हासा बाट पुर्‍याउन पठाञ्यू अघीका रीत वमोजीम भारा भला मानीस् षटाई केरूङ० सिवाना सम्म पर्मानां लिन पठाउनु होला भन्या र आठ पगरीहरूले पर्मानां इनाम बक्सीस नेपाल पुगदा आफुवाङ०ले जांचि सकूया पछि अघीका रीतवमोजीम अर्जि चाडो लेषी संदुकमा हाली तासांमा ओहा पठाउनु होला हामी ताठीन् मार्फत गरि.....का हजूरमा अर्जि चह्राइ पठाउला भनि लेषनु भयाका अर्थ काजी सर्दार दुबैजाना ल्हासामा मुक्त भयाकों षवर आफुहरूबाट लेषी आउदा हाम्रा मनमा वहुतै फिक्री भयो तापनि आफुहरूबाट पनि वैद्यहरू पठाई भरिसक्य उपाय गर्दा उपाय केही नलागी मुक्त भया छन्. श्रीदैवको इछा कसैले टारि टर्दैन काजीका छोरा र आठ पगरिहरूलाई चिनिआ भारादार भोटका भारादार षटाई ११ महिनाका दिन ३ जादा ल्हासाबाट विदा गरि पठाउन्या काम बढिया भयेछ. ओहाबाट पनि पर्वानाका पाव रषवारिलाई केरूङ० सिवाना सम्म अघीका रीत वमोजीम सर्दार येक विश्नु पाध्या भारा भला मानिसलाई षटाई पठायाको छ पर्वाना नेपाल आई पुग्यो पछि सवैकुरा बुझि सक्यापछि अघीका रीत वमोजीम अर्जि लेषी आफुहरू मार्फत चह्राइ पठाउन्या काम गरौंला हाम्रा बोल विन्तिको बाटो अघीपनी ल्हासा बसन्या अम्बाहरू हुन् आजपनि आफुहरू हुनु हुन्छ इति सं. १९०५ सा पौष वदि ११ रोज ५ शुभम्....
......

जुवाप्
-----

पाचवर्षको मामुली सौगात र अर्जि चिठिहरू ठाउ ठाउमा पुन्याइ काजी र सर्दार बाटोमा मर्दा अरू नीजका छोराहरू समेत आठपगरिहरूले ल्यायाका पर्माना र चिठिहरूको जबाब गयाको

------------------

अर्जि

उप्रान्त आकास-समान...............का हुकमले बक्सी पठाउनु भयाको पर्वाना आउछ भन्या खबर आइ पुगनि विन्तिकै आंहाबाट सर्दार भला मानिस सिपाहि हाति घोडा नाच तमासा समेत टाढा सम्म लिन गै......का पर्वानालाई दंडवत् गरि धूप दीप आरति सिंदुरजात्रा गरि बढाई गरि मान भाव संग कान्तिपुर दर्वारमा ल्याई गादि सिंहासनमा राखि घुडा मारि डंडवत् गरि मर्ज्यादा सित पर्माना खोली दर्शन गर्‍यूं.तौक्काड० २८ साल चैत्र महिनाका दिन ६ जादा लेख्यायाका पर्मानामा...को हुकुम मै आयाका कुरा मन चित्त लगाई सुन्यू.आफु वाड०ले आफ्नु बुबाज्यूको रजाञीं वकस्या देखि तिमि वाड०ले मुखपेटले एकत्व मै पीछा शरणामा परि भावगरि ल्हासा बसन्या अम्बा २ का अर्ति शिक्षा वमोजीम काम गर्‍या देखि म खुसि हुंला.आज आफु वाड०ले मनका भाव संग अर्जि सौगात चह्राउन पठायाका काजी सुरत सिं पंतहरूले मेरा हजूरमा पुगि दर्शन दंडवत गरि मेरा हजूरमा अर्जि सौगात चह्राया म बहुतै खुसि भञा काजी सुरतसिं पंतहरूले ढेरै फेरा दर्शन पाया भोज खुवाइ अनेक नाच अग्निको तमासा देखाई काजी सुरतसिं पंतहरू फर्कि जादा तिमि वाड०लाइ सुनको पर्वाना १ नाना रंगका कुचिन थान २४ राइनरू कुचिन थान ४ शान त्वांकुचिन थान ४ भां त्वां कुचिन थान ४ चिन त्वां कुचिन थान ४ राहरू विछाउना ८ चांदिका कलस २ चांदिको विर्का भयाको कटौरा २ मालानुको चिज २ कांचको चीज २ दुदखान्या कटौरा जोडा २ फेरि अरू वकसीस सिंगेसमको रूद्र १ माला १ सिंगेसमको चीज २ तेउछे भन्याको चिज २ बांसको चिज २ ठुला थैली जोडा २ साना थैली ४ चियापानको कलस ८ फेरि मानिकको वैठकी समेत भयाको गजूर लाउनु भनि १ वकस्याको छ येति चिज वकसी पठायाको छ ताहा पुग्दा जांचि लिनु आफुवाड०ले मेरो मेहर समझि केहि काम हुंदा ल्हासा बस्न्या अम्बाहरू का अर्ति शिक्षा-माफिक अधिका जस्तो गरि काम गर्नु.तलमा रहन्या प्रजा प्राणि सबैलाई अह्राई राखनु आफै आफुलाई सुख आनन्द गरि बस्न पाइन्छ जुगजुगसम्म मेरो मेहर वानगी रहला भनि मेरा उपर ठुलो दया करूणा राखि मानिकको वैठकि भयाको गजूर लाउनु भनि अर्ति शिक्षाको हुकुम आयाको र सौगात समेत काजीहरू पैचीन पुगि ५ वर्षको मामुलि सौगात.....का हजूरमा चह्राइ.....का दर्शन ढेरै पल्ट पाइ दंडवत् गरि इनाम खिलत पाइ

विदा मैं आयाको विस्तार सुंदा.....को ठुलो मेहर हो भनि म मेरो मिनिष्टर काजी भारा भलामानिस प्रजा प्राणि सबैका मनमा हर्ष भयो.....बाट वक्सी पठाउनु भयाको गजूर इनाम सबै आइ पुग्यो षुसि मनसित शिर चढ़ाइ लिआं पर्वानामा वकसीस भयाका चीज मध्ये पोलिको चिज २ समातन्या विड् भयाको कटौरा जोडा २ मालों भन्याको चीज २ फटिकको चिज २ येति चिज र हाम्रा काजीहरूले किनी ल्यायाका चीजमध्ये सिंगेसमका कटौरा १५ पैचीनबाट फकर्याका दिन ४ मा हन्टिस्यान भन्याको जगामा चोरियेछ आइ पुगेन येहि चोरिमाका चिजको बदलामा तालोयहरूले दि पठायाको हो भनि दोभास्या-मासनइनूले केरूङ्मा आइ चादि धोजे २ हाम्रा पैचिन जान्या पगरिहरूलाई बुझायेछ र ली आया हाम्रा अघीदेषी चली आयाका दस्तुरमा चोर पक्रिइ चोरबाट माल मिल्यो भन्या लिनु चोर पक्रियेन भन्या चोरि भयाका चिजको बदला भनि अरू मानिसबाट लिन्या दस्तुर नहुनाले चोरियाका चीजको साटो भनी दियाको चांदि धोजे २ ल्हासाका अम्बामार्फत फिर्ता गरि चढ़ाइ पठायाको छ.....का हजूरमा जाहेर होला औं पैचिन जान्या काजी सुरत सिं पंथ सर्दार अहिवर्ण बस्न्यातहरूले पर्वाना लि आउन्या दस्तुर हो येस पटक ल्हासा सम्म आइ बेराम मैं आफ्ना कालगतिले काजि सर्दार दुबै जना मन्याको विस्तार ल्हासा का अम्बाबाट.....का हजूरमा जाहेर होला.मेरा अर्थ र अघि हाम्रा पुर्षाहरू पनि.....का पिछा शरणमा परि मानी रह्याका हुन् आजपनि हामि मुष पेटले एकत्व मैं ल्हासा बसन्या अम्बाहरूका अर्जि वमोजीम.....लाई मानी रह्याका छौं हाम्रा पर्याका दुषदर्दको बिन्ति गर्न्या बाटो अघि पनि ल्हासामा बस्न्या अम्बाहरू हुन् आजपनि ल्हासा बस्न्या अम्बाहरूबाट.....का हजूरमा जाहेर मैं हाम्रो दुषदर्द छुट्ला र सुषी मैं.....को टहल गरि रिझाई जुग-जुगसम्म सरिया रहुलां भन्या मनमा अभिलाष राष्याको छ टाढा मुलुकमा बसि टहल गर्न्या दस्तुर नजान्या मैंले चढ़ाइ पठायाका अर्जिमा घटि-बढि पर्याको .....ले क्षमावंत हुनु मैं करूणा मेहर रह्या मेरो उद्धार हुन्याछ.इति सम्वत् १९०५ साल मिति फागुन सुदि १३ रोज ४ मुकाम कान्तिपुर शुभम् .....

पत्रचिन्ह तास थान १ के तोला

(`अर्जि फिर्ता मैं आयो` भनी फट्केमा लेखिएको छ)

श्री ५ वादशाह १ श्री ५ गोर्षा सर्कार २
पेचीन जान्या आठ पगरिहरूका जमानबंदी मुचुल्का लेषी लहासा अम्बा छेउ पठायाकाको नक्कल्

---

लिषितं सुवेदार अमरघोज पंथ संतवीर बस्न्यात मक्तवीर अधिकारि हर्ष बहादुर पंत उजिरसिं बश्न्यात् हंबीर पंत छत्रसिं षडका षरिदार रंगलाल पाध्या जमादार गंभीर पंत इन्द्रवीर रामनरसिं जोरावरसिं नायक तिष्णुलसिं आगे पेचिन.....को दर्सन डंडवत गरि विदा मे सक्या पछि संवत् १६०४ साल चैत्र शुदि ६ रोज १ का दिन पेचिनदेषी हिंडी ल्यास्यां स्यान्मा वस्यौं ल्या स्यांस्यान्देखि टौटुमा वस्यौं टौटुदेषि येषोमा वस्यौं इ ३ वास नाघी चैत्र शुदि ६ रोज ४ का दिन डाटिस्यान् मन्याका गाउंमा वास गर्‍यौं षच्चरले बोक्याका मारि लोमु मन्याका षच्चरका मालीकका डेरामा रहृथ्या मेन्याड० मन्याका मानीसले पिठिमांमा बोक्याका मारि नायेक तिष्णुलसिंका डेरामा ल्याइ दाषिल गथ्यो डाटिस्यान्बाट मेन्याडठ्का जिम्मा गरि बोकाइ बिहान हिंडायाका मेन्याडठ्का मारि मध्ये फटिकका मुर्ति २ मालौछि ठाडो दुइ मुष्या गुलाफि १ वैठक वाला ठाडा कटौरा २ पोलेछि कांचका वेला २ येति..१..बाट वक्सीस भयाको चिज २ षरिद गर्‍याको सिंगि सनका कटौरा १५ हाल्याको .....२....को ४ लंवरको गम् १ चैत्र शुदि १० रोज का दिन व्यालुका पाउचिनफुमा नायेक तिष्णुलसिंका डेरामा दाषिल् गर्‍यानन् २ मारि आयेन मनि दोमास्या मासन् इन्लीको स्यान्लाई नायेक तिष्णुलसिंले भंदा हामीले दिउसो चिया षायाका जगासम्म आयाको थियो, हराउन्या छैन, आइपुगछ भनी दोमास्या लिकोस्यान्ले जवाप दियो भोलि विहानसम्म पनि आयेन र पाउचिन्फुमा मुकाम गरि चुंदु अम्बा संग भेट गरि बिन्ति गरौं आहा मिल्द, भन्या आहि षोज गरि देउ षरिद गर्छौं आहा मिल्दैन भन्या पेचिन ४ दीनको वाटो छ.हाम्रा मानीस तम्रा मानिस पेचिन पठाउं चादि हामि दिछौं हरायाको मालको साटो उस्तै माल षरिद गरि ल्याउनन् पेचिनका मारादारलाई तालो येहरूले लेषि पठाइदिया.....१.....बाट वक्स्याका चिजको पनि साटो आई पुग्या बढिया होला भनि काजि सर्दारले सेतालोय छेतालोय दोमास्या मासन् इन्लीकोस्यां चार जनालाई भन्दा आहाका मारादार.....१.....का सवारिलाई पेचिन गयाछन् आहा कोहि छैनन् हामिबाट डाटिस्यान्का फाफुलाई लेषी पठाउछौं हाम्रा सिपाहि घोडा चढाइ पठाञ्यूं मारि हराउन्या छैन आइ पुग्छ आहा बसनु पर्दैन भनि चारै जनाले जुवाव दिया र चैत्र सुदि ११ रोज ६ का दिन पाउचिन्फुदेषी उठ्यौं व्यालुका घांनुठिस्यान्मा मारि आइपुगेन षोज गर्न गयाका सिपाहिले ल्यायानन् र घांन्ठिस्यान्मा मुकाम गरि मारिको षोज गरि उठौंला भनि काजी सर्दार अडिदा आहा घोडा षच्चर मानिसलाई घास अन्न पानिले पुग्दैन ठुला गाउमा मुकाम गरौंला भनि हिंडाया- घुन्डुस्यान्मा वास

वस्यौं चैत्र सुदि १३ रोज का दिन मुकाम गरि षाच्चरले बोक्याको भारि मेन्याडङ्का भारि सबै जांच बुझ गर्दा हरायाको भारि मिलेन र उसैको जोडा अर्को भारि षाली से तालोय र दोभास्यालाई बिजक देषाइ येसभारिको माल जांचि हेरि.....१.....बाट वक्सीस भयाका चिज मध्ये हरायाका चिजको र षारिद गन्याका माल मध्ये हरायाको मालका भारिको बिजक देषाउदा सेतालोयेका अगाडी दोभास्या मासन् इन्ले बिजक लेषी लियो. येहि बिजक वमोजीम जगा जगाका फाफुंलाई लेषि पठाउछौं माल हराउन्या छैन छिंदु-फुका चुन्दु बाट बाटोमा ढिल नगरि चाडो आउ भन्या चिठि आयो हामिले सरासर जानु-पर्छ माल हराउन्या छैन भनि १ दिनमात्र मुकाम गरि सेतालोय छेतालोयहरूले हिडाया.१९०५ साल वैसाष सुदि १५ रोज ५ का दिन सिंगाफु आई पुग्यापछि पनि भारि आइपुगेन र सिंगाफुका चुंदुसंग भेट् गरि हरायाको मालको विन्ति गर्नुपर्छ हाम्रा चिठि.....२.....लाई हिडाइदेउ भनि दुवै तालोय संग भंदा हामिले चुंदुसंग विन्ति गन्यौं चिठि पनि तिम्हेरू भंदा चाडो हिड्न्या छैन. बाटोमा संग-संगै हुन्या छ.आहाबाट रमाना गन्यौं दस्तुर पनि छैन छिन्दुफुबाट चिठि रमाना गराउनु भनि चुंदुको आग्या भयो. भेट गर्नुपर्दैन भन्या जवाव सेता-लोय छेताल्वयले दिया चुंदुसंग भेट गरायानन् हरायाका चिज जस्तो चिज सिंगाफुमा षोजि देउ जति मोल पन्या पनि षरिद गरि लि जांछौं भंदा षोज गरि दिन सक्यानन् छिंदुफु आइपुग्न्या वेलामा २।४ दिन अघि सेतालोय पछि बस्यो छेतालोय हाम्रा साथमा आयो आषाड वदि २ रोज १ का दिन छिंदुफु आई पुगि चुंदु संग भेट गरि काजी सर्दारले चुंदुसंग हरायाका मालको विन्ति गर्दा म लेषी पठाउछौं भनि चुंदुले जुवाव दिया तालोय २ जना-माथि रिसाया छन् र सेतालोय आइ पुग्या पछि यो माल हरायाको हामि तालोयलाई दोष लाग्यो. हाम्रा गजूर कल्कि पनि झिकिदिया भनि आफुले लायाका टोप दुबै तालोयले देषाया साटो चादि बुझि देउ तिमि काजी सर्दारले छेमा नराष्या हाम्रो जिय रहन्या छैन भनि दुबै तालोयेले भंदा हामि चादि बुझदैन हाम्रो माल पठाइ दिया भनि काजी सर्दारले ज्वाप दिया छिन्दुफुबाट हिड्याका दिन सर्दार अघि हिड्याका थिया. काजी पछि-बाट हिड्दा सेतालोय बाटोमा बसि रह्याको रहेछ, काजीसंग भेट गरि हराय्राको माल ल्हासासम्म अवस्य आइ पुगला मेरा भारि मेरो सालोका जिम्मा छन् सम्भार गरि लैगि देउ, यस पाला मैले जानपाञीन पछिबाट क्र्यादोसम्म भेटाउंला दोभास्या मासन इन् लीको-स्यांका हात चादि पठायाको छ, बुझि दिया भनि सेतालोयले भंदा तम्रा भारिको सम्भार गरि दिउला हरायाका मालको साटो चादि बुझन्या छैन भनि काजीले ज्वाप दि आया ल्हासासम्म पनि सेतालोय आइपुगेन कार्तिक वदि ४ रोज २ का दिन हामि ल्हासा आइ पुग्या पछि ल्हासा का बडा अम्बासंग भेट गर्दा.....२.....को हरायाको माल र अह्र पगरि सिपाहिको जगा जगामा हरायाको माल सबै तप्सील उतारी कागतमा लेषि काजिले बडा अम्बासंग बिंति गर्दा यो हरायाको सबै माल लेषि जगा जगामा पठाउछौं यस्तो गरि

माल हराउन लाग्यो भन्या सदा सर्वदा कस्ता रितले जानु आउन गरौंला भनि बडा अम्बाले ज्वाप गरि कागत लियाथ्या ५ दीन पछि तिम्हेहरूले चढायाको कागत अर्को कागतमा लेष्णी बडा अम्बाले लिया. तिम्हेहरूको कागतलेउ भनि दोमास्या मासन् इन् लिकोस्याले हाम्रो कागत फिराइ दिया. ताहापछि काजी सर्दार भन्यापछि तालोयहरूले पठाइ दियाको चादि बुझि देउ भनि हामि पगरिहरूलाई दोमास्या मासन् लिकोस्यांले मंदा चादि नबुझि ल्हासा देष्णी आञ्यूं. दोमास्या लिको स्यां ल्हासामा वस्यो मासन् इन् हाम्रा साथमा आयो. डिगर्चामा आइ पुग्यापछि पनि चादि बुझि देउ भनि मासन् इन्ले साह्रै पेला गर्‍यो. फुगामा आइ पुग्यापछि पनि बुझिदेउ भनि पेला गर्‍यो. केरूं आयापछि साह्रै पेला गर्‍यो र तिमिले साह्रै ढिपि गर्‍यौ ता यो चादि बुझि लिंछौ.....२.....मा चढाइ दिउला माल हरायाको दिन देष्णीको व्यहोरा विस्तार बिन्ति गरौंला र.....२..... बाट जो हुकुम वक्सनु होला सो जवाव आउला भन्या कुरा गरि माल हरायादेष्णीको व्यहोरा विस्तार विन्ति गरि तिम्हेहरूले चढाइ पठायाको व्यकुपि वक्साउनी.....२.....मा चढाउला र जो हुकुम होला भंन्या व्यहोराको कागज लेष्णी मासन इनका हातमा दि हामि ८ पगरि ६ पगरिले चादि घोजे २ केरूंमा बुझि लियाको हो. डाटिस्यान् गाउदेष्णी केरूंतक मयाको व्यहोरा यतिकै हो. यो व्यहोरा हामिले ढाट्याको ठहर्‍यो भन्या.....२.....बाट हाम्रा जियको र धनको षुस गर्नु भनि आफुमा षुसि राजिसंग जवानबंदि मुचुल्का लेषि.....२.....मा चढाञ्यूं इति सम्वत १९०६ साल वैशाष शुदि १० रोज ४ शुभम्..........

विद्रोह दबाउन दश हजार फौजसाथ
जंगबहादुरलाई चीन पठाउने आशयले
लेखेको अर्जीको अंश

(१९१०)

बाकि ऐस पटक् पैचिन् श्री_५_वादसाहका हजुरमा अर्जि सौगात चह्राउन्या ज्दा(?) जान्या सुब्बा भीमसेन रानाले हामीलाई लेष्याका अर्जिमा अघिदेषि श्री_५_वादशाहलाई मानि-रहन्याले श्री_५_वादसाह संग कुलगरि लड्न लाग्याको रहेछ भंन्या षवर बींती गरि पठाउदा हामी र हाम्रा मुष्य वजिर श्रीमद्राजकुमार कुमारात्मज श्री कम्प्याडर इन चीफ् जनरल जंग-बहादुर कुवर राणाजीका मनमा बहुतै ठुलो फीक्री लाग्यो यो षवर सुन्यापछि श्री_५ वादसाहका सरन पीछा परि मानी रह्याका हामीहरूले यस वषत्मा पुग्यासम्मको मद्दत टहल गर्नु हाम्रा धर्म हो यस निमीत्त हाम्रो मुष्य वजिर र १० हजार सीपाही चालिस तोप गोलि हान्न जांन्या सा_धियाका सीपालू येस्ता येती फौजले येक लाष फौजसंग लड्न सकन्याछं येतिलाई चाहिन्या बारूद गोली गीराफ गोला पनि यहाँहीबाट जान्याछ श्री_५ वादसाहबाट आहा लडाञी गर्नु भंन्या हुकुम् वक्सनु होला श्री_५_वादसाहको हुकुम् सीर चह्राइ श्री_५_वादसाहको हुकुम् वमोजीम् उसै जगामागै लड्न्या छ.जस् दिन् फर्कि जाउभन्या हुकुम होला उसै घरि फर्कि हाम्रा मुलुकमा आउंनन् ई सीपाहीका बेहान बेलुकालाई षाना षर्चको मैन्हा १ को पाच रूपैयाका दरले मत्ता षर्च र सीपाही (लाई पकाई) षान्या भाडा सुतन्या वीछ्याउन्या समेट् लडन्या सराजाम् बोकन्या २५ हजारको अंदाजा भरिया चाहि-न्याछन्. येति कुराको श्री_५_वादसाहबाट मेहेर् भयो भन्या कुल गन्र्यासंग लडाञी गर्नलाई हाम्रा वजिर फौज आहाबाट पठाईछ, हामीसंग दौलथ कम् छ दौलथको मेहेर भया यस्तै लडन सक्न्या फौज तयार हुन्याछ, आफुहरूले तल माथि पर्न गयाको बिहोरा सच्याइ हाम्रा उपर दया राषि यो अर्जि श्री_५_वादसाहका हजुरमा चह्राइ पठाउन्या काम् गर्नु भयाबढिया होला. मामुली बाहिक् अरू कुराको अर्जि चह्राइ पठाउन्या दस्तुर छैन भंन्या आफूहरूका चीत्तमा संका पर्ला येस्तो षवर पनि आजसम्म सुनियाको थियेन यो षवर सुनियापछि हामिले श्री_५_वादसाहका हजुरमा चह्राइ पठाउन्या काम् गर्नु भया बढिया होला हाम्रो बोल बिंतीको बाटो अधि पनि ल्हासा बस्न्या अंबाहरू हुन् आज पनि आफु-हरू हुनुहुंछ, इति सम्वत् १९१० साल माघ वदि २ रोज २ शुमम्.............